साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक २ २०८२ साउन १३ गते मंगलबार (July 29, 2025) मूल्य रू. १०/-

## तातो प्रस्ताव, चिसो जवाफ



दक्षिण कोरियाका राष्ट्रपति ली जाय मुङ सरकारले उत्तर कोरियासँग गरेको प्रस्तावलाई उत्तर कोरियाले चिसो जवाफ फर्काएको छ। उत्तर कोरियाका नेता किम जोङ उनकी बहिनी किम यो जोङले उत्तर कोरिया रूससँगको सम्बन्ध विस्तारमा व्यस्त रहेको र दक्षिण कोरियासँग वार्ताको कुनै इच्छा नभएको स्पष्ट पारेकी छिन्। दक्षिण कोरियाका राष्ट्रपति उत्तरसँग सम्बन्ध सुधार गर्ने पक्षधर हुन्। उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनी किम यो जोङले एउटा विज्ञप्तिमा दक्षिण कोरियाली सरकारले आफ्नो सरकारलाई जेसुकै प्रस्ताव गरे पनि, अब दक्षिण कोरियासँग वार्ता गर्न इच्छुक नभएको खुलासा गरेकी हुन्। उनले निकट भविष्यमा दक्षिण कोरिया र अमेरिकासँग वार्ता गर्ने कुनै मनसाय नभएको भनेकी छिन्। यो जवाफले सम्बन्ध सुधार हुनसक्ने सम्भावना नकारेको छ।

## एमालेभित्र शक्ति संघर्ष बढ्यो




पूर्व राष्ट्रपति विद्या भण्डारीले राज्यसुविधा त्यागेर एमालेको सकृय राजनीतिमा आउने निर्णय गरेपछि आन्तरिक संघर्ष चुलिएको छ। एमालेको केन्द्रीय समीतिले पूर्वराष्ट्रपति भण्डारीलाई सकृय राजनीतिमा आउन बन्देज लगाएको छ। पूर्वराष्ट्रपतिले पत्रकार सम्मेलन गरेर इटाको जवाफ पत्थरले दिएपछि अब एमालेको राजनीति कसरी अघि बढ्छ ? भन्ने जिज्ञासा बढेर गएको छ।

एमालेका नेता कार्यकर्तामा ध्रुविकरण बढेर गएको छ। दुबैथरिले आआफ्ना नकिटस्थहरूसँग छलफल अघि बढाएका छन्। जसरी पनि तेस्रो कार्यकालका लागि पार्टीको नेतृत्व गर्न कस्सिएका केपी ओली राजनीतिमा सातिर खेलाडी मानिन्छन्। यसकारण त व्यापक दबाबका बीच पनि साझेदार कांग्रेस सभापतिलाई आफ्ना पक्षमा पहाड बनाएर उभ्याइरहन सफल भएका छन्।

प्रम तथा पार्टी अध्यक्षले गत शनिवारदेखि निरन्तर सातै प्रदेशका पार्टी इन्चार्जहरूलाई विद्या भण्डारीका लागि पार्टीपंक्तिमा कुनै स्थानमा नराख्न, नदिन फर्मान जारी गरिरहेका छन्। विद्या भण्डारी भने 'मदन भण्डारी फाउण्डेशन'बाट सक्रिय हुने प्रयासमा छिन्। विद्याको यो प्रयासलाई ओलीले हावाको झोक्का हो, आउँछ जान्छ भनेर गिल्ला गर्नसमेत भ्याएका छन्। कार्यकर्तालाई यो सामान्य हो, समयक्रममा आफै समाधान भएर जाने ओलीको निष्कर्ष रहेको देखिन्छ।

विद्या भण्डारीले पार्टी नेतृत्वले आफूमाथि अन्याय गरेको आरोप लगाएकी छिन्। तर ओली पक्षकाहरूले विद्याको आर्तनाद सुनेका छैनन्। विद्या भण्डारीले जबरजस्त बिद्रोह गर्न सक्ने अथवा पार्टी नै फुटाउन सक्ने देखिदैन। खासगरीचीन भ्रमणबाट फर्केपछि कम्युनिष्ट एकता गर्न अग्रसर भएकी विद्या भण्डारीको प्रयासलाई दक्षिणी छिमेकीले ओलीलाई हात लिदै असफल पार्न खोजेको भनिदैछ।

ाने घोषणा गर्नुभएको थियो। भण्डारीको यो अभियानलाई रोक्न पनि संस्थापन पक्षले अवरोध खडा गर्ने तयारी गरिरहेको छ। संस्थापन पक्षले महासचिव शंकर पोखरेलको नेतृत्वमा प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा दिनहुँ छलफल गरिरहेको स्रोतको भनाइ छ। संस्थापन पक्षले भण्डारीले आयोजना गर्ने कुनै पनि कार्यक्रममा कार्यकर्तालाई नजान र प्रतिवाद गर्न निर्देशन दिएको छ।

यद्यपि विद्याले आफ्नो निवासमा कसरी अघि बढ्ने भनेर बैठक गरिरहेकी छिन्। त्यति हुँदा पनि भारत नै सकृय भएको हो भने ओलीविरूद्ध अघि सर्न विद्यालाई सफलता मिल्ने देखिदैन। यसैवीच एमालेका प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले पूर्वराष्ट्रपति विद्या भण्डारीको सक्रिय राजनीतिमा पुनरागमन एमालेका लागि अस्वीकार्य भएको टिप्पणी गरिसकेका छन्। अध्यक्ष ओलीले आफूविरूद्ध लाग्नेलाई निलम्बन गर्दै अघि बढ्नुले एमालेभित्र द्वन्द्व बढाएको छ।

# सहमति, सहकार्य कि समाप्ति

१८ वर्षको अवधिमा मुलुकको स्थिति बिग्रिएको छ, सन्तोषजनक रहेन। राजनीतिक दलका नीति, सिद्धान्त, नैतिकता, चरित्रको अवसान यही अवधिमा भएको छ। विदेशीले फ्रड नेता, कन्ट्री भनेर यही अवधिमा आरोपित गरे। अझ नेपाल दण्डहीन मुलुक, नागरिक बेच्ने गम्भीर आरोप पनि यही अवधिमा नेपालमाथि लागेको छ।

यही अवधिमा राष्ट्रिय नीति तोडियो, राष्ट्रिय एकता भाँडियो। क्षेत्रीय, धार्मिक, सांस्कृतिक सीमाको सम्मान रहेन, आपसी सहिष्णुता मासियो, राजनीतिक धर्मनास गरियो, प्रतिषोधको राजनीतिले राजनीतिक सभ्यताको बिनष्ट गरियो।

अझ गम्भीर घटना भनेको लोकतन्त्रको इज्जत लुटियो, कानुनी राज रहेन, गुट, फूटका वीच दल तथा नेताहरूले राष्ट्रिय ढुकुटीको ब्रम्हलूट नै मच्चाउन पुगे। दलहरू र नेताहरूवीच गम्भीर प्रकृतिका आन्तरिक विवाद बढेको छ, अन्तर्राष्ट्रि विवादमा पनि नेपाल मुछिन पुगेको स्थिति छ। विकास र शान्ति, समृद्धिमा तिब्रता आउनुपर्ने, भ्रष्टाचार र अनियमितता बढेको छ।

अपराध र अपराधीको बोलवाला बढेका छन्। राजनीति अपराधीको संरक्षक बन्नपुगेको छ। परिवर्तनपछि नयाँ नेपाल, सुन्दर नेपाल, समानता र समृद्धियुक्त नेपाल बन्छ भनियो, १८ वर्षको अवधिमा केही पनि सुल्टो कार्य गर्न दलहरू सफल हुनसकेनन्।

गणतन्त्र, लोकतन्त्रको बाजा बजाएर, गीत गाएर नेपालको लथालिङ्गे स्थिति सुल्झन सक्ने देखिदैन। आमनागरिक नेताहरूको कुरा सुन्न र तिनको अनुहार हेर्न चाहदैनन्। राजनीतिले जनविश्वास गुमाएको छ, राजनीतिप्रति उदासीनता बढेको छ। यो पद्धति नै गलत हो भन्ने निष्कर्षमा नागरिक पुग्नुले सडकमा बिद्रोहको, बिरोधको आवाज सुनिन्छ। यसतिर अझै पनि लोकतन्त्र, गणतन्त्र भन्नेहरूले सोचेको देखिदैन। नागरिकले पाउनैपर्ने प्राथमिक आवश्यकता पाएका छैनन्, आधारभूत जनअधिकारमा समेत भ्रष्टाचार चुलिदै गएको छ। मानवाधिकारको रक्षामा यो पद्धति र यी शासक चुकेको स्थितिले देशमा कानुनव्यवस्था कमजोर हुँदै गएको छ। लोकतन्त्र भनेको ठूला पार्टी र नेताहरूको आलोपालो सत्तामा पुग्ने र राष्ट्र दोहन गर्ने अवसरवाद हो भन्ने अर्थमा हेर्न थालिएको छ।

देशको ऐक्यवद्धता र सामाजिक सहिष्णुता भत्केको मात्र होइन, जाति, भाषा, भेषमा द्वेषभाव बढेको छ। राज्यका कुनै पनि क्षेत्रमा सन्तोष गर्ने ठाउँ देखिदैन। तैपनि नेताहरू के के न भयो भनेर डिङ हाँक्छन्, फुइँकी लगाउँछन्, जनता हास्छन् मात्र।

नेपाल विदेशीको हाटबजार बनेको छ। आत्मनिर्भरता भनेको केही छैन, उद्योगधन्दा धरासायी बनाइउको छ, आयातमुखी अर्थतन्त्र र रेमिटान्सले खर्च धान्नु भनेको परमुखापेक्षी हुनु हो। हरेक दिन देशमा काम नपाएर रोजगारीका लागि युवा विदेशीन बाध्य छन्। हरेक युवा कसरी र कुन बेला विदेशीन सकिन्छ भनेर हतारिएका भेटिन्छन्। खाडी मुलुकमा मात्र ६० लाखभन्दा बढी घरेलु कामदार पुगेको तथ्यले गणतान्त्रिक लोकतन्त्र हावादारी हो भन्ने प्रष्ट हुन्छ। लोकतन्त्रले कुनै पनि क्षेत्रमा उल्लेख गर्न लायक परिणति दिएको छैन। व्यवस्थामाथि खोट लागेकोछ, नेताहरू चुक्दै गएका छन्, आमनागरिक निराश र उदासीन छन्। नागरिक बिच्किन थालेका छन्, बिद्रोही चरित्र देखाउन थालेका छन्। नागरिक सहन्छन्, अति गरियो भने सडकमा निस्कन सक्छन्।

त्यतिबेला नेपालमा श्रीलंका अथवा बंगलादेशको नियति दोहारिन पनि सक्छ। नागरिक नेताको अनुहार हेर्न चाहदैनन, सुन्न चाहदैनन् भने कसले थेग्ने ? पार्टीप्रति आस्था घट्दै गएको छ। एकले अर्कोलाई जसरी पनि खुइल्याउन र आफूमात्र सही र सद्धे देखाउने प्रवृत्तिले पनि यो पद्धति असफल भएको हो। पद्धति असफल हुनु भनेको संविधान असफल हुनु हो। यो संविधान सुधार गर्न बनेको कांग्रेस-एमालेको सरकारको १४ महिनामा माखो पनि मर्न सकेको छैन। राष्ट्रिय समस्याहरूको चाङ छ, जटिलता बढेको छ। यो जटिलताको अन्त भनेको सहमति, सहकार्य र संवाद नै हो। पद्धति र संविधानमा खोट हुनु, नेताहरूमा सवलता नहुनु र राष्ट्रिय समस्याहरू संकट बन्दै जानुले अब के गर्ने ? प्रश्न उठेको छ।

समाधान भनेकै राजनीतिक शक्तिहरूवीच सहमति, संवाद र सहकार्य हो। यही निकास हो। अहंकार, निषेध, विभेद र बदलाको भावले समस्याहरू समाधान हुनै सक्दैनन्। बिगत १८ वर्षले दिएको सन्देश र शिक्षा यही हो। यो मार्ग नअपनाउँदा राजनीति समाप्तितिर लाग्ने छ। समाप्ति भनेको मृत्यु हो, मृत्यु रोज्ने कि जीवन, राजनीति गर्नेले सोचुन्।

## अति राजनीतिकरणले राष्ट्र असफल

जता पनि राजनीतिकरण, अपराधिकरण, जसका कारणले राष्ट्र असफलताको भीरमा पुगेको छ। २०४६ सालपछि सुरू भएको राजनीतिकरण २०८२ मा आइपुग्दा बहुदलबाट लोकतन्त्र र हस्तक्षेपबाट अपराधिकरण हुनपुगेको छ।

जता पनि भाग शान्ति जय नेपालमात्र देखिन्छ। सेटिङ र भाग शान्ति राजनीतिकरणले सीमा नाघ्न पुगेको छ। स्वतन्त्रता, स्वराज भत्किदै सार्वभौमिकतामा असर हुन थालिसकेको छ। यही स्थिति कायम रह्यो भने अस्तित्व मेटिन सक्छ।

राजनीतिमा चरम बेथिति छ। कानुन व्यवस्था केही बाँकी छैन। न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका प्रभावहीन छन्। चौथो अंग पत्रकारिताको आवाज सुन्न छाडिएको छ। कतिपय विषयमा त लेख्नसमेत बन्देज लगाइएको छ।

संविधानको मर्म र भावना कुल्चिने काम भएको छ। योग्यताको होइन, आफ्नालाई राम्रो मान्ने प्रचलन राज्यले गर्दा संविधानमा असर पुगेको छ। संवैधानिक पदाधिकारीलाई तर्साउने कार्यले न्याय सम्पादनमा असर पुगेको आरोप न्यायविदले लगाउन थालेका छन्। पछिल्लोपल्ट ५२ संवैधानिक पदाधिकारीको नियुक्त सर्वोच्चबाट सदर हुनुलाई पूर्व न्यायाधीशले समेत आलोचना गरेको देखियो, सुनियो। जिउँदा मान्छेलाई ईटाभट्टामा पोल्नेलाई निर्दोष सावित गर्ने विषय पनि आलोचित छ, सर्वोच्च नै पुगेको मुद्दा हो। यतिबेला अख्तियार प्रमुखमाथि नै महाभियोगको चर्चा छ, उजुरी परेको छ। विशेष अदालतको पछिल्लो फैसलाले प्रश्न उठाएका छन्। फैसलामा अख्तियारको कार्यलाई 'चयनमखी अभियोजन' भनेको छ।

न्यायक्षेत्र सुध्रिन जरूरी छ। न्यायमाथि राजनीतिकरण र राजनीतिको अपराधिकरणले विश्वास घट्न गएकोछ, यो खतरनाक छ।

देश असफलताबाट बचाउन पनि न्यायक्षेत्र बलियो हुनुपर्छ, आस्था बढ्नुपर्छ र राजनीतिलाई सुधार्नुपर्छ। राजनीति नसुध्रिएसम्म प्रशासन सुध्रिन सक्दैन। राजनीति र प्रशासनको मिलोमतोमा देश बिगार्ने कार्य भइरहेको छ। अति राजनीतिकरणले देश असफल बन्न सक्दैन, बन्नु हुँदैन। यसतिर ध्यान गएको देखिदैन।

## स्थगित एमसीसी सुचारु




अमेरिकी राष्ट्रपति ट्रम्पले रोकेको एमसीसी कार्यान्वयनलाई निरन्तरता दिने अमेरिकी सरकारको निर्णयको जानकारी अमेरिकी दूतावासले दिएको छ। दूतावासले यो निर्णय नेपाल सरकारलाई जानकारी गराएको बताएको छ।

एमसीसी अमेरिकी दूतावासका अनुसार ५० करोड अमेरिकी डलर (हालको विनिमय दर अनुसार ६८ अर्ब ५० करोड रूपैयाँ) बराबरको एमसीसी सम्झौता र त्यसमा नेपाल सरकारको थप १९ करोड ७० लाख अमेरिकी डलर (करिब २७ अर्ब रूपैयाँ) को योगदानले विद्युत् प्रसारण पूर्वाधार निर्माण र सडक सञ्जाल सुधार गरी समृद्धि र क्षेत्रीय ऊर्जा प्रवर्द्धनमा सहयोग गर्ने योजना हो। लामो द्वन्द्वपछि नेपालको संसदमै एमसीसी परियोजना पास गरिएको थियो।

अर्थ मन्त्रालयले पनि अमेरिकी सरकारको जानकारी पाएको बताएको छ। 'अमेरिका फस्ट' नीतिको समीक्षा बैठकपछि एमसीसी परियोजनालाई निरन्तरता दिन अमेरिकाले निर्णय गरेको बुझ्न सकिन्छ। लामो नेपाल अमेरिका सम्बन्ध र नेपालको पूर्वाधार विकासमा अमेरिकाले गरेको यो सहयोग उल्लेखनीय छ। अमेरिकाको विश्वास छ कि एमसीसीले अमेरिकालाई अझै सुरक्षित, बलियो र समृद्ध बनाउन निरन्तर काम गरिरहने छ।' अब नेपालमा सुरू भएको एमसीसीका सबै योजनाहरू निरन्तर रूपमा अघि बढ्ने ढोका खुलेको छ। यथार्थमा एमसीसीले जुन जुन पूर्वाधारको विकासमा सहयोग गरेको छ, ती पूर्वाधारहरू नेपालको समुन्नति र नेपालीको रोजीरोटीसँग प्रत्यक्ष प्रभाव पार्ने खालका रहेका छन्।

एमसीसी स्थगनपछि पुनः सुरू भएको छ। यो परियोजनाबाट नेपालले कसरी दूरगामी लाभ लिनसक्छ, यसतिर सरकारको विशेष ध्यान जानुपर्छ। नागरिक र विद्वत समाजले पनि विवेकपूर्ण तरिकाले गाइड गर्नु बाञ्छनीय देखिन्छ।

## लोकतान्त्रिक गणतन्त्रमा रित्तिए गाउँहरू !!



# छ्युान्द प्रथा – नारी अस्मितामाथिको अपमान र अन्धविश्वासको छायाँ

अधिवक्ता दीपेन्द्र चन्द–



नेपालको दुर्गम र पारम्परिक समाजमा आजसम्म पनि अनेकौं कुप्रथाहरू मौलाउँदै आएका छन् । तीमध्ये “छाउपडी” प्रथा सबैभन्दा चर्चित र विवादास्पद कुप्रथा हो, जसअन्तर्गत रजस्वला (महिनावारी) भएकी महिलालाई समाजबाट टाढा, छाउगोठमा अलग राखिन्छ । तर छाउपडीसँग गहिरो रूपमा जोडिएको अति अमानवीय, कम चर्चा पाएको र गहिरो सामाजिक चोट दिने अर्को कुप्रथा पनि छ - छ्युान्द प्रथा ।

छ्युान्द प्रथा महिलामाथि गरिएको त्यस्तो अपमान हो, जहाँ उनलाई दूध दिने जनावरभन्दा पनि तल्लो दर्जामा राखिन्छ । यो केवल एउटा अन्धविश्वास मात्र होइन, स्त्री अस्मिता र मानवताको गहिरो तिरस्कार हो, जसको चपेटामा सुदूरपश्चिमका हजारौं महिला आज पनि परिरहेका छन् ।

छ्युान्द प्रथा के हो ?

छ्युान्द प्रथाको मर्म अनुसार - यदि कुनै महिनावारी भएकी वा सुत्केरी अवस्थामा रहेकी महिलाले कुनै दूध दिने भैंसीलाई छोइहालेमा, त्यो भैंसी “छ्युान्द भएको“ मानिन्छ । समाजमा यस्तो अन्धविश्वास छ कि - यदि यस्तो भयो भने देउता रिसाउँछन्, त्यस भैंसीले दूध कम दिन्छ, दूध दिनै छाड्छ, वा दूध, दही, मही खाने मान्छेलाई अशुभ हुन्छ । यसपछि त्यो भैंसीको “शुद्धीकरण प्रक्रिया” गरिन्छ, जसमा: गाईको पिसाब (गहुँत) छर्किन्छ, सुनपानी (तामा/सुनको धातु मिसिएको पानी) छर्किन्छ, कतिपय अवस्थामा तान्त्रिक विधि र मन्त्रपाठ समेत गरिन्छ ।

यसरी भैंसी शुद्ध पार्न खोजिन्छ, तर महिलालाई अपवित्र मानिने क्रम जारी छ ।

छ्युान्द प्रथाको गहिरो सामाजिक अपमान :

छ्युान्द प्रथाको भयानक पक्ष भनेको - रजस्वला महिलालाई जनावरभन्दा पनि तल्लो स्थानमा राखिनु हो । भैंसीको शरीरमा गाईको पिसाब छर्केर “शुद्ध“ बनाउने मान्यता राख्ने समाजले महिलाको सम्मान होइन, तिरस्कार मात्र गर्छ ।

यो सोचले महिलालाई:अशुद्ध, दुर्भाग्यको स्रोत, र समाजका लागि खतरा सरह देख्छ । यस्तो सोचले महिलाको मनोविज्ञान, आत्मविश्वास, र सामाजिक भूमिका सबैमा नकारात्मक असर पार्छ ।

छ्युान्दवाद: चेतनाविहीन सोचको उपज :

छ्युान्द प्रथालाई अन्धविश्वास मात्र भन्नु अपुरो हुन्छ । यो एक किसिमको संस्थागत सोच, पुंसवादी परम्परा, र अशिक्षाको मिलेजुले रूप हो - जसलाई “छ्युान्दवाद“ भन्न सकिन्छ । छ्युान्दवादी सोच भएका मानिसहरूले:महिलाको प्राकृतिक जैविक प्रक्रियालाई अपवित्र मान्छन्, विज्ञान र तर्कको स्थानमा कुपरम्परालाई थोपर्छन्, धार्मिक भयको प्रयोग गरेर महिलालाई दबाउँछन् ।

यो मानसिकता केवल स्त्रीको मात्र होइन, सम्पूर्ण समाजको चेतनामा दाग लगाउने खालको हो । वैज्ञानिक र तर्कसंगत दृष्टिकोण विज्ञानले प्रष्टसँग देखाएको छ: रजस्वला महिलाको स्पर्शबाट दूध दिने जनावरलाई कुनै असर पर्दैन ।

महिलाको रजस्वला अवस्था कुनै संक्रमणकारी वा अशुद्ध अवस्था होइन - यो शरीरको सामान्य चक्र हो । भैंसी दूध कम दिनुका कारणहरू पोषणको कमी, तनाव, अस्वस्थता, वा उचित दुहाइ नहुनु हो - महिलाको छोएको होइन । तर अज्ञानता र अन्धविश्वासले विज्ञानलाई थिचेर राखेको अवस्था छ ।

छ्युान्द प्रथा किन खतरनाक छ ? महिलाको आत्म-सम्मान नष्ट गर्छ ।

सामाजिक विभाजन बढाउँछ । शिक्षित पुस्तामा पनि अन्धविश्वासको जरा गाड्छ । मानव अधिकारको उल्लङ्घन गर्छ ।पुंसवादी सोचलाई निरन्तरता दिन्छ ।

छ्युान्द प्रथा अन्त्य गर्न अपनाउन सकिने उपायहरू:

गाउँस्तरमा सचेतना कार्यक्रम चलाउनुहोस्....

स्थानीय भाषामा नाटक, कविता, गीत, सामुहिक छलफलको माध्यमबाट मानिसहरूलाई छ्युान्द प्रथाबारे सच्चाइ बुझाउनुहोस् ।

महिला सशक्तिकरणमा जोड दिउँ...शिक्षाद्वारा महिलालाई आत्मनिर्भर र हकको लागि बोल्न सक्ने बनाउनुहोस् । छ्युान्द प्रथाविरूद्ध कानुनी चेतना जगाउनुहोस्...

महिलाको छुवाछुत वा अपमानलाई मानव अधिकार हननको विषय बनाएर कानूनी जागरूकता फैलाउनुहोस् । ...धार्मिक नेताहरूलाई सकारात्मक भूमिका खेल्न लगाउनुहोस् । पुरोहित, धर्मगुरू, समाजसेवीलाई सामेल गराई पुराना मान्यताको वैज्ञानिक पुनर्व्याख्या गराउनुहोस् । छ्युान्द अनुभव साझा गर्ने मंच बनाउनुहोस्...

पीडित महिलाहरूको भोगाइ साझा गर्ने खुला मञ्च बनाउँदा समाजमा परिवर्तनको लहर आउन सक्छ । छ्युान्द प्रथा एउटा महिला विरोधी सोचको उपज हो जसले हाम्रो समाजलाई पछाडि धकेलिरहेको छ । यसले स्त्री अस्मिता मात्र होइन, सम्पूर्ण मानवता र सामाजिक विवेकमाथि प्रहार गर्छ ।

छाउपडी प्रथा विरूद्ध जस्तै छ्युान्द प्रथाविरूद्ध पनि सामूहिक आवाज उठाउन आवश्यक छ । अब समय आएको छ, जहाँ हामी छ्युान्द होइन, सम्मान, अन्धविश्वास होइन, विज्ञान, र तिरस्कार होइन, समानता को पक्षमा उभिन सकौं ।

अत: सुदुर पश्चिममा बोलिने ‘छ्युान्द होइ गै (छ्युान्द भयो)’ भन्ने वाक्य संसारको सबैभन्दा कुरूप वाक्य हो भन्ने मेरो ठम्याइँ छ ।

# प्रम ओलीको आसन्न भारत भ्रमणमा चुच्चे नक्साको प्रसङ्ग

प्रधानमन्त्री केपी ओली आगामी भाद्र ३१ गते भारतको संक्षिप्त भ्रमणका लागि नयाँ दिल्ली पुग्ने र २४ घण्टाभित्रै अर्थात असोज एकगते काठमाडौं फर्कनु हुने कुरालाई प्रचारमा ल्याइएको छ । यद्यपि दुबै देशका परराष्ट्र/विदेश मन्त्रालयले उहाँको भ्रमणको पुष्टिगरेका छैनन् । सरकार प्रमुखबाट हुने अर्को देशको संक्षिप्त भ्रमण र दुई महिना अघिनै त्यसको प्रचार गरिनु दुबै खतर्नाक कुरा मानिन्छन् । किनकी यसबीचमा राष्ट्रिय र अन्तराष्ट्रिय शक्तिहरू खेल्ने ठूलो संभावना रहन्छन् । प्रम ओलीको भारत भ्रमणको प्रचार हुनु पूर्ब सबैले अनुभव गर्नेगरी दुईटा घटना भए । पहिलो भारतीय संस्थापन निकट मानिएका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालले तत्काल सरकार ढाल्ने प्रचारकासाथ गतिबिधि गरेको देखियो । दोश्रो काठमाडौंमा कुनै छलफलनै नगरिकन दिल्लीमा गत छ र सातगते दुईदिने गृहसचिवस्तरीय निर्णायक वार्ता भयो । सातगते काठमाडौंमा प्रधानमन्त्रि ओलीले संसदमा सार्बजनिक महत्वको बक्तब्य दिने सरकारी समाचार आयो र केही घण्टामै त्यसलाई रोकियो । सीमा समस्याकाबारेमा उक्त वार्ता हुने भनिएकोमा वार्ता मोडिएर सुपुर्दगी सन्धी लगायतका अन्य भारतीय चासोका बिषयमा केन्द्रित हुनपुग्यो । उक्त बैठकपछि काठमाडौं फर्कनु भएका नेपालका गृहसचिवले पत्रकार सम्मेलन गरेर कुनै जानकारी पनि दिनुभएन भने संसदको बैठक चलिरहेका बेला गृहमन्त्रिले कुनै सार्बजनिक महत्वको बक्तब्य दिने आवश्यकता पनि देख्नु भएन । जसलेगर्दा बर्तमान सरकारलाई बिभिन्न बिषयमा सन्धी संझौतागर्न भारतीय दबाव बढेको देखिएको छ । जसमा यसअघि प्रधानमन्त्रि हुनुहुँदा केपी ओलीले संसदबाट पारितगराउनु भएको चुच्चे नक्शाले निकै दुख्नेगरी घोचेकोजस्तो पनि देखिएको छ । सबैलाई अनुभव भएको कुरा हो कि नेपालका हरक्षेत्रमा विदेशीहरूले रजाइँगर्न थालेका छन् । नेपालीहरू आफ्नै देशमा आप्रवासीजस्तो हुँदै जानुपरेको छ । युगौंदेखि रहँदै आएको लिम्पियाधुरा र लिपुलेकमा यसअघि छिमेकी भारतले रजाइँगर्दै आएको थियोभने अब आएर अर्को छिमेकी चीन पनि थपिएको छ ।

उक्त क्षेत्रको जमिन नेपालको नक्शामा समेटिएको छ । त्यहाँको स्थानीय प्रशासन भारतले चलाउँदै आएको छभने त्यहाँ उनीहरूकातर्फबाट बिभिन्न किसिमका परियोजनाहरूको सञ्चालन र निर्माणका कामहरू पनि हुनथालेका छन् । अब भारत र चीन दुबै मिलेर त्यस क्षेत्रमा तीर्थयात्री आवत-जावत केन्द्र बनाउने निहुँका संयुक्त शासन शुरूगरेको देखिएको छ । जसलेगर्दा नेपालको सो क्षेत्र सदाका लागि टाउको दुखाईको बिषय हुनेभएको छ । भारत र चीनले नेपाली भूमि लिपुलेक प्रयोगगर्न गत डिसेम्बर १८ मा चीनको बेइजिङमा एक संक्षिप्त बैठक गरेर आपसी सहमति नै गरेका थिए । नेपालसँग सरोकार नराखेरै दुई देशले नेपाली भूमि प्रयोगगर्ने सम्झौता गरेको समाचार बाहिर आउँदा नेपालको बर्तमान सरकारले भने भारत र चीनबीच भएको पछिल्लो सहमतिले नेपाललाई कुनै प्रभाव नपार्ने निष्कर्ष निकालेको थियो । तर पछिल्लो समयमा भारत र चीन थप नजिकिएको र त्यसमा रूससमेत थपिएको देखिएको छ । बर्तमान सरकारको बिशेष अनुनय बिनयमा अमेरिकाले एमसीसी परियोजनालाई निरन्तरता दिएकाले दुई साता अघिमात्रै भारत र रूसका विदेशमन्त्रिहरू चीनको बेइजिङ पुग्न बाध्यभएको देखिएको थियो । त्यसअघि गत केही महिनाअघि बेइजिङमा आयोजित एक कार्यक्रममा चिनियाँ विदेशमन्त्री वाङ यी र भारतीय सुरक्षा सल्लाहकार अजित डोभलबीच मानसरोवर यात्राको शुरूवातगर्ने विषयमा सहमति भएको थियो । भारतीय तीर्थालुहरू लिपुलेकहुँदै कैलाश यात्रागर्ने उक्त सहमतिमा उल्लेख छ । नेपाल सरकारका प्रवक्ताले त्यतिबेलानै उक्त सहमति दुई देशबीचको प्राविधिक विषयमात्र भएको र यसले नेपालको स्वाधीनतामा आँच नपुऱ्याउने बताउनु भएको थियो । चिनियाँ विदेशमन्त्री वाङ यी र भारतीय सुरक्षा सल्लाहकार अजित डोभलबीच लिपुलेकका विषयमा जुन सहमति भएको भनिएको छ, त्यसले नेपालको स्वाधीनता र नक्सामाथि प्रभावपार्ने त्यतिबेला नै स्पष्ट भएको थियो । नेपाली भूमि लिपुलेकलाई तीर्थयात्रु आवत-जावतको केन्द्र बनाउन भारत र चीनबीच सहमति भएको भारतको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमासमेत उल्लेख थियो । कोरोनाका कारण सन् २०२० देखि रोकिएको कैलाश-मानसरोवर तीर्थयात्रु आवागमनलाई पुन: निरन्तरता दिने सहमति भएको उनीहरूको भनाई थियो । उनीहरूको सो भनाईले सन् २०२० अघिदेखिनै उक्त क्षेत्र चीन र भारतले उपयोग गर्दैआएको स्पष्ट हुन्छ । भारत र चीनका विशेष प्रतिनिधिहरू (एसआर) को २३ औं बैठकमा भएका सहमतिका आठवटा बुँदाहरूमा सीमा क्षेत्रमा शान्ति र अमनचयनको व्यवस्थापनको निरीक्षणगर्न र सीमा बिवादको निष्पक्ष, तार्किक र पारस्परिक स्वीकार्य समाधानको खोजीगर्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति सी जिनपिङबीच गत केही महिना अघि कजानमा भएको बैठककाक्रममा भएको निर्णयअनुसार यी दुई देशबीच पछिल्ला बैठकहरू भएको भनिएको छ । त्यसैगरी सीमा बिवादको समाधानका लागि निष्पक्ष, तार्किक र पारस्परिक स्वीकार्य ढाँचाको खोजीगर्दै समग्र द्विपक्षीय सम्बन्धको महत्वलाई एसआरहरूले दोहोऱ्याएको र थप जीवन्तता प्रदानगर्ने संकल्प गरेको भनिएको छ ।

त्यसैगरी सन् २०२० मा भारत-चीन सीमा क्षेत्रको पश्चिमी सेक्टरमा बिवाद उत्पन्न भएपछि एसआरको उक्त पहिलो बैठक भएको भनिएको थियो । जसमा एसआरहरूले सन् २०२४ को अक्टोबरमा भएको नवीनतम डिसइन्गेजमेन्ट सम्झौताको कार्यान्वयनलाई सकारात्मक रूपमा पुष्टिगरेको र सम्बन्धित क्षेत्रहरूमा गस्ती भएको पनि भनियो । त्यसैगरी सो सहमतिको पाँचौं बुँदामा दुवै एसआरले भारत-चीन द्विपक्षीय सम्बन्धको समग्र विकासका लागि सीमा क्षेत्रमा शान्ति र स्थिरता कायमगर्ने कुरामा जोड दिएको छ । सीमासम्बन्धी मुद्दाले द्विपक्षीय सम्बन्धको सामान्य विकासलाई रोक्न नपाओस् भनेर उनीहरूले भूमिमा शान्तिपूर्ण वातावरण सुनिश्चित गर्नुपर्नेमा पनि जोडदिएको छ । सन् २०२० को घटनाबाट सिकेका कुराहरूलाई ध्यानमा राख्दै उनीहरूले सीमामा शान्ति र स्थिरता र सीमा व्यवस्थापनलाई अगाडि बढाउन बिभिन्न उपायहरूका बारेमा छलफल गरेको थियो । जसका लागि सम्बन्धित कूटनीतिक तथा सैन्य संयन्त्रको प्रयोग, समन्वय र मार्गदर्शन गर्ने निर्णय गरिएको छ । त्यसैगरी छैठौं बुँदामा द्विपक्षीय, क्षेत्रीय र पारस्परिक हितका विश्वव्यापी विषयमा एसआरले बिचार आदान-प्रदान गरेको कुरा उल्लेख गरेको पाइन्छ । उनीहरूले कैलाश मानसरोवर यात्रा पुन: शुरूगर्ने, सीमापार नदीहरूको तथ्यांक आदान-प्रदान गर्ने र सीमा व्यापारलगायत सीमापार सहयोग र सकारात्मक दिशानिर्देशहरू प्रदान गरेको भनिएको छ । क्षेत्रीय र विश्व शान्ति र समृद्धिका लागि स्थिर, पूर्वानुमानयोग्य र सौहार्दपूर्ण भारत-चीन सम्बन्धको महत्वमा उनीहरू सहमत भएको भनिएको छ । सातौं बुँदामा एनएसएले जनवादी गणतन्त्र चीनका उपराष्ट्रपति हान झेङसँग भेटवार्ता गरेको उल्लेख छ ।

त्यसैगरी आठौं बुँदामा एनएसएल वाङ यीलाई एसआर बैठकको अर्को चरणको आयोजना गर्न सुविधाजनक मितिमा भारत भ्रमणको निम्तो दिइएको थियो । यसरी चीन र भारतले सीमाकाबारेमा बिभिन्न खालको सहमतिगर्दा उक्त जमिन धनी र नेपालको नक्शामा रहेको बिषयलाई संझनासमेत गरेनन् । नेपालको अस्तित्वलाई समेत स्वीकार गरेनन् । नेपालले दुबै देशलाई स्मरण गराउँदै कुटनीतिक नोट पनि दिएन । भारत र चीनबीच ०७१ सालमै लिपुलेककाबारेमा संझौता भएको थियो । त्यतिबेला जनस्तरबाट आवाज उठ्दा कतिपय चिनियाँ अधिकारीहरूले नेपालले औपचारिक पत्रमार्फत बिरोध गरेको खण्डमा पुन: बिचारगर्न सकिने भनेका समाचार बिवरणहरू बाहिर आएका थिए । त्यतिबेला पनि नेपालको प्रधानमन्त्री केपी ओलीनै थिए । त्यतिबेला कुनै लिखित बिरोध गरिएन । त्यही संझौताको आडमा भारतले लिपुले हुँदै चीनको मानसरोबरसम्म जोड्नेगरी सडकसमेत निर्माण गरिसकेको छ । सोही सडकमार्फत चीन र भारतबीच व्यापार तथा आवत-जावत हुनासाथ नेपाल र चीनबीचका व्यापारिक नाकाहरू अर्थहीन हुनेछन् ।



डा. केशव देवकोटा

घटनाक्रम हेर्दा चीनले ६० बर्षअघिनै लिपुलेक क्षेत्र नेपालको भएको स्वीकार गरेको छ । टिंकर तथा कालापानी क्षेत्रमा १ नम्बर सीमास्तम्भ स्थापना गरिसकिएको थियो । त्यसभन्दा कम्तिमा ३० किलोमिटर पश्चिमतर्फ शून्य नम्बरको सीमा स्तम्भ हुने कुरा उपरोक्त तथ्यले प्रमाणित गरिसकेको अवस्था हो । हाल आएर लिपुलेक क्षेत्रहुँदै भारतसँग व्यापारिक नाका खोल्ने संझौतागर्दा चीनले नेपाल र आफ्नो सीमाको शून्य नम्बर स्तम्भ कहाँ पर्छ ? भन्ने ख्याल गरेन । हालैको सो परिघटना ०६३ पछि नेपालको शासन सत्तामा आएका माओवादी केन्द्र र कांग्रेसलगायतले चीनलाई एक्ल्याउन गरेको प्रयासको परिणाम हो ।

०७८ असारमा नेकांका सभापति शेरबहादुर देउवाको नेतृत्वमा संसद बाहिरै गठन भएको माओवादी केन्द्रसहितको सरकारले त हुम्लामा चीनले सीमा मिचेकोभन्दै ब्यर्थैको बिवाद झिकेको थियो । यद्यपि छानविन समितिले गलत साबित गरिदियो । त्यसैगरी नेकां, एमाले र माओवादी केन्द्रले चीनको बिरोधका बाबजुद ०७८ फागुन १५ गते संसदबाट सैन्य रणनीतिमा आधारित बिवादास्पद अमेरिकी योजना एमसीसी पारित भएको नाटकीय घोषणा गरेका थिए । गतबर्ष माघको पहिलो साता आएको चिनियाँ प्रतिनिधिमण्डलले त खुलेरै नेपालले चीनलाई एक्ल्याउन खोजेको अभिब्यक्ति दिएको थियो । उपरोक्त तमाम घटनाक्रमहरूले प्रथमत प्रम ओलीको फेरी पनि आगामी भाद्र ३१ बाट भारत भ्रमण हुने देखिएको छैन । दोश्रो सो मितिमा भ्रमण भयोभने त्यो नेपालका लागि घातक हुनसक्ने संभावना छ । त्यसैले आम देशभक्त नेपालीहरू सजग र सतर्क हुनुपर्दछ ।

सुरक्षित पानी, स्वस्थ जीन्दगानी
सफा रहौं, स्वस्थ बनौं

पानीजन्य रोग र सरसफाइको कमजोर अवस्थाबाट बच्न खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तपसिलका क्रियाकलाप प्रवर्द्धन गर्नुहुन अनुरोध गर्दछौं ।

- सुरक्षित पानी पिउँ, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि: उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिउँ ।
- ट्युबेलको वरीपरी सफा राखौं, दैनिक रुपमा ट्युबेल सफा गरौं ।
- चर्पीको नियमित प्रयोग गरौं, गराऔं, र चर्पी नियमित सफा राखौं ।
- दिसा गरेपछि, बच्चाको दिसा छोए पछि, खाना पकाउनु र खानु अघिपछि, फोहोर छोएपछि, बिरामीको हेरचाह पछि साबुन पानीले हात धुने एवं धुन लगाऔं ।
- बाहिर निस्कँदा नाक मुख राम्ररी छोपिने गरी अनिवार्य मास्कको प्रयोग गरौं ।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं ।
- घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं । खानेपानीका स्रोत, पोखरी, ताल तलैया, नदी, सामुदायीक वातावरण सफा राखौं ।

पानी जीवन हो, सरसफाइ संस्कार

खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग



## मुक्तक लेख्ने प्रयासहरू – हेर्नुहोस् हाम्रो राष्ट्र नेपाल धरापमा छ



वसन्तको आगमनसँगै नयाँ पालुवा पलाउन थाल्
चराचुरूङ्गी जोडी बनेर प्रेमिल भाका गाउन था
अबेर होला चाँडै आउ है गोप्य कुरा बताइदिदैछु
विवाहको कुरा लिएर लमी घरमा धाउन थाल्यो

**- अरूणकुमार भुजेल, दार्जिलिङ**



कसैलाई लाग्छ प्रजातन्त्र धरापमा छ
कसैलाई लाग्छ गणतन्त्र धरापमा छ
ए हजुर ! राजनीतिको चश्मा फ्याँकेर
हेर्नुहोस् हाम्रो राष्ट्र नेपाल धरापमा छ

**- कृष्णबहादुर थापा**



जाडोका कपडा बल्ल चिन्ने भैयो
आजै नै हाटबजारतिर हिन्ने भैयो
अति नै चिसो भयो यो चैतमा पनि,
हल गोरू बेचेर सिरक किन्ने भैयो ।

**- शंकर ज्ञवाली**



मेरी खासीयत क्या है मैं खुद जान न पाया
कुछ तो खामीयां है यह भी न जान पाया
इन्सान हूँ इसिलिए हुआ करती है खताएँ,
माफीके हकदार हूँ या नहीं यह भी न जान पाया

**- नीता गुरूंग भाटिया, असम**



कहिलेकाहीँ खुसीहरू बहार बोकी आउँछन्
एकता र सहकार्यको आधार बोकी आउँछन्
मुग्ध हुन्छ तनमन हरदम रमाइरहन पाउँदा,
उमङ्गका लहरहरू संसार बोकी आउँछन् ।

**- नवशिला**



नभएर के भो तिमी रमाएरै बाँचेको छु
नामसँगै दाम पनि कमाएरै बाँचेको छु
न समाउने, न टेक्ने बनाएका थियौ तिम्ले
धर्तीमाथि पाउ आज जमाएरै बाँचेको छु ।

**- सविता आचार्य**



धनदौलत आफ्ना सारा, छोडी जानु पर्छ आखिर
आयु किन्न पाइने हैन, धनाड्य'नि मर्छ आखिर
जीवन मृत्यु सम्झौता हो, बेकार छन् सारा चिज,
मिति पुग्छ कालले टिप्छ, न टारेरै टर्छ आखिर ।

**- प्रेम कटवाल**



मिलन अनि बिछोड हुनु,भाग्यकै हो खेल
लाग्छ जीवन तेज रफ्तारमा,गुडी रहने रेल
कति छुटे बिसौनिमा, कतिसँग यात्रा एउटै
जोडीएको स्वार्थी नाता, कहाँ हुन्छ बाँचुन्जेल !

**- प्रभा पोखेल**



ध्वनी यन्त्र बारम्बार उठाएँ घण्टी बजेन
उनको नम्बरमा कल लगाएँ घण्टी बजेन
चोट त केही दिएकी होइन मैले फेरि पनि
ढोकाको स्वीचमा हतौडा ठटाएँ घण्टी बजेन ।

**- बिमुन्स पौडेल**



हातहरू कैलै थाक्नुहुन्न गोडाहरू काककप्नु हुन्न
चलेको मुटु धड्काएर कसैलाइ पनि नाप्नु हुन्न
आफ्नै जस्तो आभाष दिनु दुखमा परेका लाई
जलाएर रापले पोल्ने गरी अनाएसै ताप्नु हुन्न ।


**- चन्द्रकला आचार्य**

## उज्यालोतिरको खोज खोतली हेर्दा



*अरूणबहादुर खत्री*

कथाकार नर पल्लवको उज्यालोतिरको खोज नामक कथा सङ्ग्रह २०७१ सालमा प्रकाशित भएको छ । यस कृतिभित्र उनीद्वारा लेखिएका हराएको उज्यालो, तृष्णा, लच्छुराम, नाबालिग नागरिक, प्रेस्क्रिप्सन, बन्द, नौलो गन्ध लगायत विभिन्न शीर्षकका पन्ध्रवटा कथाहरू रहेका छन् । यस सङ्ग्रहभित्रको हराएको उज्यालो शीर्षकको पहिलो कथामा ए केटा, पानी ले त धनमायाले होटेलमा काम गर्ने केटालाई अह्राई । लाऊ केटाले पानीले भरिएको स्टिलको जग भरियालाई दिदैं भन्यो । भरियाले फुटेका हातले जग समात्यो र ठाडो घाँटी लगाएर कलकल गर्दै जगको पानी पुरै रित्यायो भनिएको छ ।




साहित्यिक लेखनमा सक्रिय रहेका साहित्यप्रेमीहरू माझ चर्चामा आएका नर पल्लव नेपाली साहित्यका पाठकमाझ परिचित लेखक हुन् । बौद्धिकता र एकोहोरो प्रस्तुतिले यसभित्रका कथाहरू पाठकहरूको दृष्टिमा बोझिलो विषय मानिन्छ । तृष्णा शीर्षकको कथामा चुरोटको गोलाकार धूँवा मन्द गतिमा उडिरहेको हुन्छ । रूपेश मुग्ध भावले रूपाका ठूलठूला आकर्षक सुन्दर रसिला आँखामा नियालिरहेको हुन्छ । उसमा केन्द्रित ती आँखा रूपाका आँखासित जुध्छन् ।

पल्लवको सानैदेखि केही लेखिरहने पढिरहने बानी थियो । साहित्य समाजको ऐना हो र मानव मन-मस्तिष्कको उपज हो । यस कथासङ्ग्रहले नेपाली समाजलाई प्रतिबिम्बित गर्ने कोशिश गरेको छ । मान्छे, जीवन, जगत्, समाज, कला, साहित्य, संस्कृति र लेखक स्वयम् माथिकै नितान्त निजी र पृथक् दृष्टिकोणहरू पनि यहाँ प्रस्तुत भएका छन् । सहज र सरल भाषामा यसभित्र कथाहरू लेखिएका छन् । लच्छुराम शीर्षकको कथामा साँझ ढल्केपछि जोताइको समाप्तिसँगै उसले लामो सुस्केरा लियो । काँधमा हलो जुवा राखेर हलगोरूलाई पछ्याउँदै ऊ हिँड्न थाल्यो । झोपडी गोठ पुग्न अझ एकाध घण्टाको बाटोमा पाइला चाल्नुपर्ने बाध्यता शेष नै थियो भनेर नर पल्लवले लेखेका छन् ।


लेखनको निरन्तरताको कारणले उज्यालोतिरका खोजमा विचारको गहनता र शील्पको उत्कृष्टता एकातिर छँदैछ । प्रस्तुत कथाहरूमा उनका लागि शब्द जाल र टेढोमेढो भाषिक जञ्जालभन्दा पर उनको आफ्नो जीवनशैलीको अनुहार पनि हो । उनले लेखेका कथाहरूमा भाषागत उत्कृष्टता र मिठास प्रशस्तै पाइन्छ । नाबालिग नागरिक शीर्षकको कथामा घरै नभएको कतै कसैको हुन्छ र । अलि विस्मय प्रकट गर्दै म भन्छु । ऊ भाडा माझ्दै भन्छ मेरो बाआमा भन्थे, हामी सर्वहारा सुकुम्बासी रे । म हातमा साबुन मल्दै उसलाई अर्को प्रश्न गर्छु स्कूल जाने गरेको छैन ? छैन ऊ मेरो प्रश्नको उत्तर दिँदै भन्छ ।

पल्लवका कथामा सरल र शुद्ध नेपाली भाषाको सहज, सरस र स्वाभाविक प्रयोग गरिएको छ । उनका कथाहरू निकै सरल छन् । भाषामा सरलता र प्रस्तुतिमा रोचकताको कारण पल्लवको कथाहरू पढ्दा कुनै बेला पनि असजिलो महसुस हुँदैन । यस कृतिभित्र अत्यन्त उत्कृष्ट, बिम्ब, प्रतीक, शैली र साहित्य अति रोमाञ्चकताले भरिएको छ । नौला गन्ध शीर्षकको कथाभित्र विदशबाट आयातित स्याउको दानालाई ओल्टाइपल्टाइ हेऱ्यो र पुनः सँध्यो । उसलाई स्याउको दानाको गन्ध नौलो लाग्यो । उसले आफ्नो गाउँघर सम्झ्यो भनेर पल्लवले लेखेका छन् । स्रष्टा पल्लवले आफूले देखेजानेका विषयलाई ससानो आकारमा कथा लेखेकी छिन् । उनले लेखेको कथाहरू छोटा, मिठा छन् ।

उनी छोटा छोटा वाक्य तथा वाक्यांश मार्फत जीवनका सन्दर्भलाई कोट्याउने, काव्यात्मक बिम्बको झलक दिने शब्दहरूको संयोजन गर्ने तथा पाठकलाई तान्ने खालको कलात्मक वाक्य प्रयोग गरी कथा लेख्दछन् । पल्लव ती कथाहरू आफ्नै जीवनमा घटेझैं भन्न खप्पिस छन् । अनुभूतिपरक ढङ्गले लेखिएका हुनाले पनि यी कथाहरू पाठकको मन छुन सफल छन् । पल्लवको यो कथा सङ्ग्रह सबै पाठकहरूले पढ्नै पर्छ । मैले यो कृतिलाई दोहोऱ्याएर पढे । उनको यो कथासङ्ग्रहले पाठकहरूको मन जित्नेछ भन्नेमा आशावादी छु । यस कृति जस्तै अन्य कृतिहरू पनि आगामी दिनमा प्रकाशित भएर पढ्न पाउने अपेक्षा राखेको छु ।

*कथाकार: नर पल्लव    कृति: उज्यालोतिरको खोज  प्रकाशक: शब्दहार क्रियशन्स*

## म श्रद्धाञ्जली दिन सक्दिन



**पारश भट्ट प्यासी**

छोरी  तिमीले रोजेको मृत्यु
घर ,परिवार इस्टमित्र,
गाउँ समाज कसैलाई सुइकार छैन
तिम्रो मृत्युलाई सबैबाट तिरस्कार छ
तिमिलाई धिक्कार छ
तिम्रो सोचलाई धिक्कार छ
मलाई पनि धिक्कार छ
तिमी जस्ती चेतनाहीन छोरी जन्माए
मैले तिमिलाई किन हुर्काए ?
किन लेखाए किन पढाए?
आज पश्चाताप भइरहेको छ।

छोरी तिमिले जघन्य अपराध गर्यौ
छोरी तिमिले आफ्नै हत्या गर्यौ!

थिए होलान तिम्रा आफ्नै पिडाहरू,
धोकाहरू, बेदनाहरू
तिमिलाई रूवाइरहनेहरू ,
तिमिलाई मार्न खोज्नेहरू
तिमी सबै कुराको हल गर्न सक्थ्यौ
पिडाहरू साथीभाइलाई भन्न सक्थ्यौ
आमाबुबालाई भन्न सक्थ्यौ
तिम्रो साथमा कोहि नभए
तिमी एक्लै पनि बाच्न सक्थ्यौ
तर तिमिले सारा घरपरिवार
आमाबुबा कसैलाई न सम्झी
आफ्नै हातबाट मृत्यु रोज्यौ
तिम्रो निर्णयलाई म सहि लिन सक्दिन
छोरी
तिमीलाई श्रद्धाञ्जली दिन सक्दिन !

श्रद्धाञ्जली उनीहरूलाई दिइन्छ
शोक उनिनिहरूको मनाईन्छ
जो मृत्युका लागि लडे,
जो बाँच्न चाहँदा चाहँदै पनि मरे
तिमी जस्ती कायर छोरी
मस्तिष्कबिहिन छोरीलाई हैन
यस्तो अमुल्य हिरा जस्तो जीवनलाई
आफ्नै हातबाट चिता बनाएर
आफैंले आगो लाएर
जिउँदै जल्ने
तिमी जस्ती  कमजोर  छोरीलाई
म श्रद्धाञ्जली दिन सक्दिन !

छोरी
म तिम्रो शोक मनाउन सक्दिन
मैले तिम्रो शोक मनायो भने
तिमीलाई श्रद्धाञ्जली दियो भने
मैले दुख प्रकट गर्यो भने
समाजमा नै गलत सन्देश प्रवाह हुन्छ
त्यैसले म आज
तिम्रो मृत्युमा शोक हैन
भोज भतेर
धुमधाम मनाउन
राजी छु !


मान्छे जिउँदै मरेर पनि बाच्ने साहास राख्छन्
पटक पटक लडेर पनि उठ्ने प्रयास गछ्न्

बाच्नलाई कति संघर्ष गर्छन् !
तिमिले आफ्नो चेतना गुमायौ
चेतना संगै आफ्नो जीवन गुमायौ!

छोरी, अब म तिमीलाई
कहिले सम्झिने छैन
तिमीलाई कहिले  प्रेम गर्ने छैन
र म तिमीलाई
कहिले माफ दिन सक्दिन
छोरी
म तिमीलाई
श्रद्धाञ्जली दिन सक्दिन !

## पोल्याण्डमा रामकुमार पाँडे






पोल्यान्डमा हालै भएको ३४ सौ अन्तर्राष्ट्रिय हास्य सम्मेलनमा हास्यब्यङ्ग्यकार रामकुमार पाँडेको संभाषण यस्तो थियो-

म संसारको सर्वोच शिखरको काख बाट आएको जहाँ शान्तिका दूत बुद्धको जन्म भएको थियो ।नेपाल बिशिस्ट त्रिकोण युक्त ध्वजा भएको बिश्वकै बहादुर गोर्खालीको प्रशिद्ध देश हो । नेपाल शान्ती क्षेत्र घोषणा भएको देश हो। नेपाल जहा बैदिक सनातन बौद्धिक अभ्यास हुन्छ । आर्थिक रूपले गरीव भए पनि नेपाल संस्कृती र खोजि  नगरिएको खजानाको भण्डार भएको देश हो ।

हास्य लेखकका रूपमा मैले ६५ वर्ष अघि देखि मेरो उमेर ७९ पुग्दा सम्म लेख्दैछु । मेरो  जन्मोत्सव असार २५ मा हो । यो बर्ष मेरो सर्व सुखद जन्मोत्सव मैले मनाउदै छु । कारण अङ्रेजी पी पी पीले तीन पटक पी प्रोफेसर पाँडे पोल्याण्डमा जन्मोत्सव मनाउदै छु । मैले नेपालमा दर्जनौ हास्य पुस्तक लेखेको छु । म मैले बयक्तिक ट्रेडमार्क अर्थात पेटेन्ट ब्राण्ड पाँडेपुराण अन्तरगत लेख्दछु । मैले ३५ बर्ष हास्यब्यङ्ग्य समाज नेपाल हासनेको संस्थापक अध्यक्ष भएर  काम गरे । म हास्य र कमिक कलाको अमेरिकाबाट प्रकाशित हुने जर्नलको सम्बधनमा थिए । समाजका अनेकौ बिकृतिको बिरोधमा म सङ्घर्षरत छु । नेपालका जनता र केहि बिदेसी मित्रहरूले म हास्य लेखक र हास्य प्रवर्द्धक भनि चिन्दछन् । मैले इन्टरनेशनल सोसाइटी अफ ह्युमर स्टडिजको सम्मेलन अस्ट्रेलिया, जापान र इटालिमा भाग लिएको छु । मैले मेरो देशको सम्मानजनक धेरै पुरस्कार र सम्मान हास्यमा योगदान गरे बापत पाएको छु । संभवत एउटा दुर्गम र बिकासोन्मुख देशको कारण मेरो लेखन बाहिर अत्यल्प र अनभिज्ञ भएको छ । सत्यतस् नेपाल सुन्दर र प्राकृतिकका साथै सास्कृतिक रूपमा र स्रोतपूर्ण छ जहाँ भ्रस्ट राजनीतिक अपराधिक नेताले शासन गरिरहेछन् । यसैकारण हास्य स्रस्टा सबैले तिनिहरू माथि अक्रमण गर्दछन् ।  खास गरि जनता हास्य र ब्यङ्ग्यलाइ प्रेमपूर्वक ग्रहण गर्दछन् । राजनीतिक ब्यङ्ग्य लेखनमा र कार्टून, प्रहशन र प्रदर्शन समेत भएका छन् । नेपालमा कार्टून प्रकाशन दैनिक पत्रिकामा, हास्य साहित्य साहित्यको पत्रिका र प्रहशन मन्चनमा प्रमुख र प्रशिद्ध भएका छ । साथै  बर्सेनि ब्यङ्ग्यमा हास्य धून जनस्तरमा रहेको छ । हाम्रो बिशिष्ट हास्य गाइजात्रा हो । यो चाड ३०० बर्ष भन्दा अघि देखि हास्यब्यङ्ग्य चाडको झाकिका रूपमा गाइजात्रा पर्व नगर, गल्ली, मूलबाटो र चोक तिर झाकी ल्याइन्छ। यसको उत्पती तात्कालिक राजा सङ्ग सम्बद्ध छ। बिफरको कारणले बालक राजकुमारको निधन भयो। यसले रानिमा गहिरो आघात पर्यो। राजाले रानी रून बाट छुटाउन सकेनन। राजाले संझाउदै यस्तो स्थिति हाम्रो मात्र हैन धेरै जनताको छ । तर संझाउन कठिन भयो। राजाले  मृतकको घर घर बाट झाकी ल्याएर रानिलाइ सान्त्वना दिन आग्रह गरे। यस्को झाकिले रानिले कुरा बुझिन र शोकमुक्त भइन । झाकी प्रदर्शनले उनी मुस्काइन। यो जात्रा गाइजात्राका रूपमा ठूला मुख्य शहरहरूमा गाइजात्राका रूपमा भदौ तिर मनाइन्छ। यो प्रशिद्ध जात्रा युरोपको कार्निभल जस्तै छ। यो जात्रा समाजका बिकृतिलाइ हास्यब्यङ्ग्य गरि हटाउने एक प्रकारको परम्परा हो । आधुनिक समाजमा राजाले पनि हास्य संस्थागत गर्न राजकीय प्रज्ञा प्रतिस्ठानलाइ मद्दत गरेको छ। गाइजात्राको समयमा हास्य प्रदर्शन प्रज्ञा प्रेक्षालयमा हुने र राज खलक, उच पदस्थ र सरकारी अधिकारि एकसाथ अवलोकन भएको थियो । राजनीतिक परिवर्तन साथ यो रोकियो। प्रतियोगितात्मक प्रक्षेपणले हास्य लेखक, प्रहशन कलाकार र ब्यङ्ग्य चित्रकार प्रवर्द्धनमा सघाएको थियो। यस प्रकारको चाडपर्वले सुखपूर्वक बाच्न सघाउछ ।  भनिन्छ मान्छे जन्मदा आफू रून्छ र मर्दा अरूलाइ रूवाउछ। यस बिचको समय हासेर जीवन खुशिले मनाउनुपर्छ भन्ने मान्यता छ। हाम्रो विश्व हास्य संस्था यस क्षेत्रमा तीन दशक भन्दा पहिले देखि कार्यरत छ । हास्यप्रेमी यहाँ जो जम्मा भएका छन्  उनिहरू मानवताको शत्रुलाइ हास्य साहित्य लेखन, कार्टून चित्रान्कन र प्रहशन प्रदर्शन द्वारा बिरोध गर्दछन् । हास्य मानव मनोबिज्ञानलाइ प्रभाव पार्न शक्तिशाली भए जस्तै यसले मानव चरित्र निर्माण र ब्यक्तित्व बिकासमा पनि प्रभाव  पार्दछ । हास्यले मानवताको बिबेक र चेतना उठाउछ। यसमा एउटा बम र बन्दुकको कथा याद आउँछ। दुबै मानिस मार्नमा शक्तिशाली हुन् । एकपल्ट बन्दुकले बमलाइ भन्यो, मेरो अघि त केही पनि हैन । अनि बमले भन्यो, त मेरो अगाडि केहि पनि हैनस। दुबै झगडा गर्दै थिए । दुबै आफ्नो उचताको दम्भ देखाउदै थिए । रिसले बन्दुकले बममा सूट गर्यो । बम पड्कियो र बन्दुक पनि आगोको खरानिमा परिणत भयो । मेरा लागि एउटि केटिको मुस्कानले घरमा सौन्दर्य ल्याउछ र एउटा केटाको मुस्कानले घरमा सुख ल्याउछ। एउटा जोडिको मुस्कानले पृथिबिको घरमा स्वर्ग ल्याउछ।यसैले हासौ र अर्कालाइ हसाऔ। मैले मेरो लेखनले र हास्यको सिर्जनात्मक कार्यले आफ्नो परिबेशमा मुस्कान ल्याउन प्रयास  गर्दैछु ।..

बिश्वका शहरहरूमा हासो हराउने अवस्था छ। युद्ध, हत्या र भ्रस्टाचारले  समसामयिक मानिसमा दवाब पैदा भएको छ । ब्यस्त जीवन, आर्थिक समस्या र परिवेशको अभावले हास्य दुर्लभ भएको छ। यसैले हास्यलाइ पुनरजाग्रत गर्न ठट्टा रमाइलो गरौ, प्रहशन हेरौ, हास्य पुस्तक पढने र कार्टून हेरौ । उपयोगी कथा र हास्य सामग्री बाडेर पढौ र बिस्व परिवर्तन र मानवको अनुहारमा मुस्कान ल्याउन र  अध्ययन, बैठक र यात्रा बाट हाम्रो हास्य प्रयासको स्वागत गरौ। म नेपालमा अनुसन्धाता र हास्य कलाकारलाइ भ्रमणका लागि स्वागत गर्दछु र हास्य कुराहरू पत्ता लगाइ सुखपूर्वक बाच्ने कुरा खोज्न स्वागत गर्दछु ।

मसङ्ग हास्य ओलम्पिकको एउटा सपना छ जुन आउदो पिढिले गर्नेछन र सबै विश्व एकसाथ हास्ने छ। यहाँ सैतिसौ अन्तारार्ष्ट्रिय सम्मेलन नेपालमा गर्न प्रस्ताव गर्न चाहन्छु ।




| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# शंका र संशय किन ?

यो लोकतान्त्रिक गणतन्त्र हो कि मंगलसेनको घोडा ?

यो पद्धति मंगलसेनको बहुला घोडा झैं बेतोडले दौडिरहेको छ। यो घोडा दौडाको मुकाम सिंहदरवार, शितल निवास, संसद र स्वार्थ हो। स्वार्थन्ध भएर दौडनू भनेको पुग्ने अराजकता र हिंसामा हो। बढ्दो अराजकताले यो पद्धतिले देश र जनतालाई सुइरालो रोपेझैं रोप्न थालेको छ। यो पद्धतिमा कुनै नेपालीले शान्ति र सुख देख्न छाडेका छन्।

हिजोको पञ्चायतमा बिमति बढ्यो, बहुदल आयो। बहुदलमा बिमति बढ्यो, लोकतन्त्र आयो। लोकतन्त्रमा बिमति बढेको १८ वर्ष भयो, अब के ? राजनीतिमा अराजकता र अस्थिरताले सीमा नाघिसक्यो ? नेताहरूमा सभ्यता, संस्कृतिका आचरण देखिन छाड्यो। सडकमा मात्र होइन, संसद र सरकारमा समेत अनुशासनको कमी हुनथालेको छ। कुनै पनि नेता अथवा कार्यकर्ता, कर्मचारी अथवा पदाधिकारी नीति, नियममा बस्न छाडे। कानुन मिच्ने होडबाजी चलेको छ। बिभेद र निषेध त थियो नै, अब प्रतिषोधको राजनीति बाढी आएजसरी बढेको छ। यो स्थितिले राजनीति यू टर्नको दोबाटोमा पुगिसकेको छ। सहमति, संवाद र सहकार्य गर्न कुनै नेता तैयार छैनन्, यसैको कारण राजनीति छाडा हुँदैछ, संविधान असफल भइसक्यो। राष्ट्रको अस्तित्वको प्रश्न उठिसकेको छ। विवेक हराएपछि अस्तित्वको संकट पर्छ, पर्‍यो। संसारकै उत्तम व्यवस्थालाई फ्रडको कलंक लाग्न पुग्यो। यसको जिम्मेवार भनेका यिनै शासक, प्रशासक र पार्टीहरू हुन्।

शासन व्यवस्थामा भ्रष्टाचार व्याप्त छ, बिधि छैन, बिमति व्याप्त छ हत्यारा र गम्भीर अपराधीहरू छाडिएका छन् र छाडिदैछन्। आफ्नालाई जोगाउने, संरक्षण दिने र अर्कालाई भित्तैमा पुर्‍याउने कार्य भइरहेका छन्। नयाँ नेपाल बनाउनेहरू भएको नेपाललाई सिध्याउन लागिपरेका छन्। समानता, समृद्धि भनेको सक्नेले डाँकाले गरेजस्तो मनलागी गर्नु हुनपुगेको छ। लोकतन्त्र लूटतन्त्र बन्यो, नेताहरूवीच, पार्टीहरूवीच भाग शान्ति जय नेपाल पद्धति बसिसक्यो। यस्तो चलन लोकतन्त्र हुनसक्दैन। दुर्भाग्य, लोकतन्त्रले लोकलाई संवोधन नै गर्न सकेन।। आफै खाउँ आफै लाउँ, मोजमज्जा म आफै गरूँ भनेजस्तो दृष्टान्त अनेक देखिन्छन्। लोकतन्त्र लोक जीवनमा अनुवाद हुनसकेन। राजनीतिक 'बाहुबलीपन'मा मग्न भएका नेताहरू अवशरवादी रसायनका साइड इफेक्ट महामारी फैलाइरहेका छन्।

लोकतान्त्रिक गणतन्त्र देश र जनताका लागि सराप हुनपुग्यो।

जसरी पनि चुनाव जित्नु र शक्तिशाली हुने सपना छ नेताहरूमा। सत्तामा हुनेलाई सत्ता लम्ब्याएर सर्वसत्तावादी बन्नुछ, सत्ता नहुनेलाई पहिले सत्ता चाहिएको छ। संकट राजनीतिक र संवैधानिक छ बढ्दो अनीति र भ्रष्टाचारको छ तर झगडा मच्चिएको छ सत्ताको। यही झगडाका कारण देश कसरी अगाडि बढ्छ ? प्रश्न उठेको छ। मंगलसेनको अन्धघोडा दौडेजसरी दौडेर बिनासमा पुग्नु भनेको मृत्यु हो। मृत्यु यो पद्धति बन्न हुनेथिएन, तर पार्टीको विवेकहीनताले लोकतन्त्र मृत्यतन्त्र बन्नपुग्यो। कस्तो दुर्भाग्य ?

जति झकझक्याए पनि राजनीति निदाएको नाटक गरेर चलेको छ। लोकतन्त्र मंगलसेनको घोडा बनेर कुदिरहेको छ। मंगलसेनको घोडालाई नियन्त्रण गर्न जनता र युवा जमात ननिस्कने हो भने देश मंगलसेनको फर्मानमा चल्ने झिंझाको जंगल बन्न पुग्नेछ। लोकतन्त्र ल्याएको, जनताले परिवर्तन खोजेको निरंकूशताको साटोमा झिंझाको जंगलतन्त्र नै हो त ? होइन भने आमनागरिक र युवा जमात उठ्नैपर्छ, जाग्नै पर्छ। जबसम्म खबरदार गरिन्न, यी निदाएको नाटक गरेर लूटतन्त्र मच्चाउने नव बादशाहहरू सावधान हुनेछैनन्। यसैगरी चल्नु भनेको चिहानमा पुग्नु हो, होस् रहोस्।

# छाडातन्त्र, प्रतिशोधतन्त्र भनेको मृत्यतन्त्र हो





परिवर्तनको १८ वर्षपछि मूल्याङ्कन गर्दा लोकतन्त्रप्रति ठूला दलबाहेक कुनै नागरिक खुश देखिन्नन्। किन ? यसको समीचीन विश्लेषण गर्ने फुर्सद छैन ठूला दल र नागरिक समाजका अगुवाहरूलाई। हुन त राजनीतिमा विवेक चाहिन्छ, विधि र अनुशासनमा चल्नुपर्छ। थिति बसाल्ने नै भँडुवा भए भने विवेक मर्छ, सामाजिक जीवन्तता मर्छ, अन्तत? पद्धति मर्छ र देश मर्छ।

देश भनेको जनता हो। जनता बाँच्नु भनेको देश बाँच्नु हो। १८ वर्षको परिदृश्यले देश बाँचेको देखिन्न। जो बाँचे, पार्टी, नेता र तिनका कार्यकर्ता बाँचेका छन्। स्वार्थ बाँच्नु भनेको देश बाँच्नु, पद्धति बलियो हुनु होइन।

राजनीतिमा नीति, नैतिकता, सिद्धान्त र इमानदारिता समाप्त भयो। यस्तो राजनीति राजनीति हुनसक्दैन, यो त व्यापार हुनपुग्यो। व्यापारमा मुनाफा हेरिन्छ, अरू केही हेरिन्न।

व्यापारीमा पनि कहिले कहिले पाप धर्मको ख्याल गरिन्छ। हाम्रो राजनीतिका खेलाडीहरूका लागि त स्वार्थसिद्ध भन्दा बढी केही पनि बाँकी रहेन।

नेपालको राजनीति कस्तो छ भन्ने सम्बन्धमा एक बुद्धिजीवीको टिप्पणी यस्तो रहेको छ- लाजलाग्यो भनेर एउटी महिलाले फरिया उचालेर मुख छोपेजस्तो। लोकतन्त्र जता हेर्‍यो ह्वाङ्गै छ, लज्जा पनि लजाइरहेको छ।



माओवादीले गरेको वर्ष लामो जनयुद्धलाई हेर्दा सौरभले भनेजस्तो अघि अघि जनयुद्ध, पछि पछि बाइबल आएको रहेछ। त्यो त हिन्दुराष्ट्रलाई इसाईकरण गर्ने मिसन पो रहेछ। धार्मिक स्वतन्त्रताका नाममा धर्मनिरपेक्ष किन बनाइयो, संविधान लेख्नेहरू नै सत्तामा छन्, तिनीहरू जनतालाई निर्णय लाद्छन्, जनउत्सुकता मेटाउन सक्दैनन्। लोकतन्त्र लज्जास्पद भइसक्यो।

संविधान जारी भएपछि सभाध्यक्ष कूलबहादुर गुरूङले भने गणतन्त्र घोषणा गर्न रोक्नै नसक्ने दबाब थियो। कांग्रेसका अन्य नेताले पनि भनेका छन्, हिन्दुराष्ट्रलाई धर्मनिरपेक्षता कसरी बनाइयो, थाहै भएन। संविधानको यो आश्चर्य पनि एउटा कारण हो, राष्ट्रको सकस बढ्नुमा।

२०६३ सालको जनआन्दोलन रोक्न भारतले करण सिंहलाई पठाएकै हो। करण सिंहकै साक्षी रोहवरमा मरेको संसदलाई राजाले ब्यूँताइदिएकै हो। त्यही संसदमा जनयुद्धकारीलाई ८३ सांसद बकसमा दिएर प्रधानमन्त्रीले कार्यवाहक राष्ट्रपतिको भूमिका निर्वाह गरे। नेपालको सार्वभौमिकताको विषयमा बेला बेलामा वकालत गरिरहने चीनका राजदूतले छँदाखाँदाको राजालाई बाइपास गरेर प्रधानमन्त्रीलाई ओहदाको प्रमाणपत्र पनि बुझाएकै हुन्। संविधानसभाले गणतन्त्र कार्यान्वयन गर्दासमेत चीन बोलेन। त्यही चीन थियो, जसले एक प्राध्यापकलाई पुस्तक लेख्न लगाएर दरवार हत्याकाण्डमा भारतको हात छ भनेर ठोकुवा नै गरेका थिए। त्यही चीन नेपालमा अब कम्युनिष्ट एकताका लागि विद्या भण्डारीलाई अघि सार्दैछ। चीन निकट भएको आरोप खेपेका केपी ओली भारतको निकट हुनपुगेका छन्।

गणतन्त्र कार्यान्वयन भयो। तर गणतन्त्र सफल हुनसकेन। संविधान असफल भयो। देशले केही पाएन। नेतृत्व गण भन्छन्- संविधान कार्यान्वयन भइसक्यो, गणतन्त्र बलियो भएको छ। लोकतन्त्र जब्बर भइसक्यो। तर आमनागरिक यो गणतन्त्रप्रति असन्तुष्ट भएर सडकमा बिद्रोह बोल्न थालेका छन्, विद्रोह गर्दै अघि बढेका छन्।

नागरिक उदासीन छन्। गणतन्त्र दिवस वा लोकतन्त्र दिवसमा गण वा लोक सहभागी नै हुँदैनन्। संविधानलाई नेतृत्व गणले कुल्चदैछन्, संविधानले न्याय दिन्छ, विधि बसाल्छ भन्ने विषयमा जनता आश्वस्त छैनन्। नेताले विश्वास गुमाए, संविधानले आस्था गुमायो। अहिलेको नेपालको शासन प्रशासनको यथार्थ यही हो। यसरी भाँडिएको र लथालिङ्ग भएको शासन प्रशासनलाई कसरी ठिकठाक पार्ने भनेर कसैले पनि सुझाव दिएकोजस्तो लाग्दैन। पार्टी पार्टीमा बिधाजित थिङ्क टेङ्, बुद्धिजीवी, नागरिक समाज आआफ्नो स्वार्थका थाङ्नो बनेका छन्। उज्यालो नेपाल, अन्धकार बन्न थालेको छ।

प्रशासन अनियमितता गरिरहेको छ, यो अनियमिततालाई राजनीतिले संरक्षण दिइरहेको छ। सत्ता राजनीतिमा संविधान होइन, सेटिङ् षडयन्त्र निरन्तर चलिरहेको छ। राजनीति सेवा नभएर व्यवसाय बनेको छ। यसकारण त राजनीति गर्ने नाङ्गाबाबाहरू अर्वपति बनेका छन्, महलमा बस्छन्, सम्भ्रान्त जीवनयावन गरिरहेका छन्। सानालाई ऐन, नेतालाई चैन भइरहेको छ। समाजमा उखानै थियो- नेपालको कानुन दैव जानुन्, कानुनको नौ सिङ् हुन्छ। यतिबेला चरम भ्रष्टाचारको नाली बनेको राजनीति, प्रशासनमा यही उखान लागू हुन्छ। नेपालमा लोकतन्त्रका नाममा, संवैधानिकताको आवरणमा जङ्गलराज बन्यो। जंगलतन्त्र चल्यो।

न्याय हरायो। कुनै संवैधानिक निकाय स्वच्छ छैनन्। अदालत मन्दिरजस्तो रहेन। बागद्वारजस्तो बन्नुपर्ने संवैधानिकता ढलद्वार बनेको अनुभूति जो कसैले गरिरहेको छ। यस्तो शासन व्यवस्थालाई कानुनी राज भन्नुपर्ने, यस्तो अपराधिक लोकतन्त्रलाई संवैधानिक भनिदिनुपर्ने ? जब संविधानको सीमा र आचरणमा कोही बसेकै छैनन्, कसरी त्यस्ता निकायहरू संवैधानिक हुनसक्छन् र ? लज्जा पनि लजाइरहेको छ। नेतृत्व बर्ग पटक्कै लजाउँदेनन्। लज्जा नभएपछि नागाबाबाजस्ता भए नेताहरू।

बहुदल, परिवर्तन र लोकतन्त्रप्रति सर्वसाधारणहरू पश्चाताप गर्छन्। प्रायाश्चित्त गर्नपर्ने नेतृत्व बर्ग असफलताको शीरमा भ्रमको मयुरपंखे श्रीपेच लगाएर मुस्कुराइरहेका छन्। मानौं, यी मूर्ख बादशाह हुन्, जो नयाँ लुगाका नाममा नाङ्गै छन्। राजनीति र प्रशासनका नयाँ बादशाहहरूलाई हेक्का छैन। जहाँ लोकलज्जा हुँदैन, त्यहाँ केको लोकतन्त्र ? के को गणतन्त्र हुन्छ ?

परिवर्तन भएको १८ वर्षपछि फर्केर हेर्दा जनताको त्यो हौसला मरिसकेको छ। बसन्त परिवर्तन, कोतपर्वभन्दा भिन्न रहेन। लोकतन्त्र छाडा शासनजस्तो छ। लोकतन्त्रप्रति गौरव पार्टीहरूलाई मात्र छ। लोकतन्त्र लोकका लागि हुनुपर्ने, दलका लागि हुनपुग्यो।

पञ्चायत निरंकूश थियो, लोकतन्त्र झन निरंकूश भयो। व्यापारीको देश हुन्न, त्यस्तै देखियो। यिनमा जे छ स्वार्थपूर्तिमात्र छ। यिनले देश सिध्याउने भए। अस्तित्व सिध्याउने भए।

सुशासनको लागि संविधान हो, लक्ष्मणेखा हो संविधान। ***नेतृत्व बर्ग त संविधानभन्दा भन्ठान्छन्। जर्ज अरवेलले भनेका थिए- एनीमल आर इक्वेल, सम एनीमल आर मोर इक्वेल।*** विवेकहीन यिनलाई राष्ट्रप्रति गौरव छैन। माटोप्रति ममता छैन। जनताप्रति जिम्मेवारी छैन, संविधानप्रति आस्था छैन। कर्तव्यप्रति उत्तरदायित्व छैन। राज्यका सबै सञ्जाल, अदालत समेत सर्वदलीय देखियो ? किन अदालतले राजनीतिक दबाव र प्रभावमा कुनै मुद्दा आजको भोलि फैसला गर्छन् ? आमनागरिकका मुद्दा ४० वर्षसम्म पनि तारिखमा झुण्ड्याएर राख्छन् ? प्रतिषोध पूरा गर्न कसैलाई जेलमै सडाइदिन्छन् ?

*भारतमा अंग्रेजको शासनकाल थियो। सुभाषचन्द्र बोसले विवाह नगरेपछि उनका सहयोगीहरूले सामुहिक रूपमा यो कुरा उठाए- नेताजी तपाई किन विवाह गर्नुहुन्न ?। सुभाषचन्द्र बोसले भने- विवाह त म अहिले नै गर्छु, तर मलाई दाइजो चाहिन्छ, दाइजो दिने कसले ? सहयोगीहरूले भने- तपाईलाई छोरी र दाइजो दिन धेरै तैयार छन्, भन्नोस् तपाईलाई कति दाइजो चाहियो ?*

*बोसले भने- मलाई दाइजोमा मेरो देशको स्वतन्त्रता चाहियो। कसैले दिनसक्छ स्वतन्त्रता ? त्यसपछि सबै चुप लागे।*

*सुभाषचन्द्र बोसको त्यही भारत नेपाललाई सताइरहेको छ। सुभाषचन्द्र बोसलाई चाहिएजस्तै नेपालीलाई नेपालको स्वाधिनता, सार्वभौमिकता र स्वतन्त्रता चाहिएको छ। भारतको हस्तक्षेपबाट जोगाइदिने कसले ?*

अदालत संसदको अधिकार खोस्छ, सरकार संवैधानिक निकायलाई बशमा राख्छ। शासन हो कि बाहुबलीतन्त्र चलेको ? लोकतन्त्र भ्रष्ट कालो छायाँ भयो। लोक आकांक्षा, अपेक्षा, आवाज हरेक क्षण प्रताडित गर्नु लोकतान्त्रिक हुन्छ र ?

लोक पनि उस्तै। लोक कहिले चेतेनन्। बदमास भन्ने थाहा पाए पनि तिनैलाई चुनाव जिताउँछन्। हतारमा गल्ती गरेर चुनावपछि पछुताउने जात बन्यो जनता। चुनावका बेलामा पुज्ने, चुनाव सकिएपछि घृणा गरेर के अर्थ ? यसकारण लोकतन्त्र लुटतन्त्र बन्नपुग्यो।

लोकतन्त्र मीठो व्यवस्था बन्नुपर्ने थियो, क्यान्सर रोग साबित भयो।

त्यसैले लोकनेताहरू ख्यातीको शिखरबाट घृणाको खाडलमा खस्दैछन्। जनताको भरविश्वास कसैमाथि छैन। ठूला ठूला सपना देखाउने, दयनीय शासन चलाउने र जे जंग चल्छ त्यही निर्णय गर्ने जंगेशैली बढेको छ। अविवेकी व्यवहार देखाउँदै सन्की निर्णयहरू गरेर अधिनायकी राजनीतिक पात्रका रूपमा नेतृत्वबर्ग स्थापित हुनपुगेका छन्। कस्तो अचम्म, स्थानीय स्तरमा समेत गठबन्धन गरेर चुनाव लड्ने, आलोपालो सत्तामा जाने भनेर केन्द्रस्तरमै गठबन्धन मिलाउने, नीति-सिद्धान्त केही पनि नहेर्ने, स्वार्थ सिद्ध हुन्छ भने नैतिकताको तिलाञ्जली दिन पनि पछि नपर्ने ? राजनीति द्वन्द्व बढाउने चरित्रले राष्ट्र दुर्घटनाउन्मुख बनेको छ। कुनै पनि बेला बंगलादेश वा श्रीलंकामा आएकोजस्तो लोकविद्रोहको सुनामी नआउला भन्न सकिदैन।

पार्टीहरूमा बुद्धिजीवी छन्, विवेकशील पनि छन्। तिनीहरू किन पार्टी र निजी स्वार्थमा अन्ध बनेका हुन्, किन देशका बारेमा विवेक बोल्दैनन् ? राष्ट्र कमजोर पार्ने काम गर्ने नेताहरूले लोकतन्त्र ल्यायौं भनेर गर्व गर्नु उदेगलाग्दो विषय बन्नपुगेको छ।

परिवर्तन देशका लागि फाप भयो। पार्टी र नेता तत्कालको स्वार्थबाट निर्देशित हुँदा राजनेताको अभाव खट्किन पुग्यो। राजनेता थिए भने ती देशको बृहत्तर स्वार्थबाट प्रेरित भएको देखिनुपर्थ्यो। पटक्कै देखिएन। राजनीतिक मैदानमा जो छन्, ती गल्लीका सान्चा पहलमानभन्दा भिन्न छैनन्। जसले सर्वसाधारणलाई भयको नागपासले बेरेर, फुटाउ र राज गरको नीतिअनुसार चलायमान राखेका छन्। सत्तालाई सेटिङको विषय बनाएर देश र जनताको हक र हित लुटिरहेका छन्।

मर्‍यो, वीपी र मदन भण्डारीको दर्शन। माओको नामसमेत बदनाम भयो। नेताको मुटुभित्र नेपालीत्व समेत मरेका अनेक घटनाक्रम भए। नेपाली हित र हकका लागि, सार्वभौमिकता र स्वतन्त्रताका लागि नेतृत्व उभिनै सकेन। राष्ट्रका लागि अहं भूमिका खेल्ने बेलामा विदेशीको परिक्रमा गर्ने, विदेशी प्रभाव र दबाबमा चल्ने, निर्णय गर्ने प्रवृत्ति आत्मघातसरह हुनपुग्यो। यस्तो परालखुट्टे, पराधीन नेतृत्वले सुखी नेपाली, समृद्ध नेपालको बैतर्णी तार्दैनन्। सत्य यही हो। यो सत्य सबैले आत्मसात गर्न जरूरी छ, जबसम्म सत्य बुझिन्न, नेपालको स्वार्थी राजनीति बुझ्न सकिन्न।

गणतन्त्रमा गण छैनन्, जता पनि नेता र तिनको सेटिङ्मा हुने गरेको व्यभिचारमात्र देखिन्छ। लोकतन्त्र गाईजात्रा बन्यो। नेतृत्व विदेशी ताकतले उभ्याएको बुख्याँचाभन्दा भिन्न रूपमा देखन छाडियो। राजनीति र कूटनीतिभित्रको राजनीति र कूटनीति बुझ्नेहरू यस्तै विश्लेषण गर्छन्।

देशमा स्वतन्त्र चिन्तक छन्, विचारक छन् भने तिनको भूमिका के हो ? तिनले तमासा हेरेर बस्नु भनेको विवेकहीन हुनु होइन र ? विवेकहीनहरूले देशलाई भड्खालोमा हाल्दैछन्।

जे पनि भारतको नक्कल गर्ने नक्कलीहरूले सुभाषचन्द्र बोसलाई पढ्नु उचित हुनेछ। ***त्यतिबेला भारतमा अंग्रेजको शासनकाल थियो। सुभाषचन्द्र बोसले विवाह नगरेपछि उनका सहयोगीहरूले सामुहिक रूपमा यो कुरा उठाए- नेताजी तपाई विवाह गर्नुहुन्न ? सुभाषचन्द्र बोसले भने- विवाह त म अहिले नै गर्छु, तर मलाई दाइजो चाहिन्छ, दाइजो दिने कसले ?***

सहयोगीहरूले भने- तपाईलाई छोरी र दाइजो दिन धेरै तैयार छन्, भन्नोस् तपाईलाई के कति दाइजो चाहियो ?

बोसले भने- मलाई दाइजोमा मेरो देशको स्वतन्त्रता, स्वराज चाहियो। कसैले दिनसक्छ मलाई स्वतन्त्रता ?

भारत स्वतन्त्र भयो। सुभाषचन्द्र बोसको त्यही भारत अंग्रेजको अवतार बनेर आज नेपाललाई सताइरहेको छ।

सुभाषचन्द्र बोसलाई चाहिएजस्तै नेपालीलाई नेपालको स्वाधिनता, सार्वभौमिकता र स्वतन्त्रता चाहिएको छ। भारत हस्तक्षेप बढाउँदैछ।

हरेक नेता भारतका सामु लम्सार परेका छन्, कहिल्यै परतन्त्रमा नपरेको नेपाल यतिबेला भारतको माकुरी जालमा फस्न पुगेको छ। फसाउने हाम्रै नेता हुन्। यसकारण नेपालीत्व खतरामा छ।

# संवाद, सहकार्य र सहमतिको आवश्यकता



केशवप्रसाद चौलागाईं

युद्धको निरन्तरतासँगै थपिँदै गएका समस्याबाट कसरी उन्मुक्ति पाइएला ? चीनको सक्रियतामा मध्यस्थता संस्थाको गठनले सम्भावनाको ढोका खुल्ला ? अमेरिकाले चीनलगायत धेरै देशका उत्पादनहरूमा एक्कासि महसुल वृद्धि गरेपछि उत्पन्न व्यापार युद्धको अवस्थालाई मध्यनजर गर्दै २०२५ मे ३० मा चीनको सक्रियतामा ३० मुलुकका प्रतिनिधिहरूको हस्ताक्षरसहित अन्तर्राष्ट्रिय मध्यस्थता संस्थाको गठन गरिएको छ। संयुक्त राष्ट्रसंघसहित २० अन्तर्राष्ट्रिय संस्थाहरूको उपस्थितिमा गठित 'अन्तर्राष्ट्रिय कोर्ट अफ जस्टिस' तथा 'परमानेन्ट कोर्ट अफ आर्बिट्रेशन' जस्तै समानान्तर बनाउने कुरा छ।

रूस-युक्रेन युद्ध र व्यापारिक तनावको पृष्ठभूमिमा चीनको नेतृत्वमा ३० राष्ट्रको सहभागितामा अन्तर्राष्ट्रिय मध्यस्थता संस्था गठन गरिएको छ, जसले विश्व शान्ति र द्वन्द्व समाधानमा नयाँ आशा जगाएको छ। सिधा युद्धजस्तै व्यापारिक सम्बन्धमा महसुल वृद्धि जस्ता कदमहरूले हुनसक्ने क्षतिलाई पनि आजको प्रमुख समस्या मानिएको छ। पहिलो तथा दोस्रो विश्वयुद्धको महामारी भोगिसकेपछि स्थापना गरिएको संयुक्त राष्ट्रसंघले समेत युद्ध रोक्न नसकेको अवस्थामा मध्यस्थता गर्ने संस्थाको गठनले आशा जगाउने काम गरेको छ। विश्व परिवेशमा भइरहेका असमझदारी र गतिरोधहरूले हामीजस्ता देशहरूलाई समेत प्रभाव पार्ने भएकाले समयमै जानकार भई समाधानमा जुट्नु अत्यन्त आवश्यक देखिन्छ।

दश वर्षे माओवादी द्वन्द्व र नयाँ संविधान निर्माणपश्चात पनि विभिन्न प्रकारका द्वन्द्व भोग्दै आएको नेपालले आन्तरिक द्वन्द्व व्यवस्थापन गर्न सक्षम, भरपर्दो मध्यस्थता संस्था बनाउन सकेको देखिँदैन। विभिन्न ६ प्रकारका सम्भावित द्वन्द्वको चेतावनी दिइँदै आए पनि दल तथा सरकारको उदासीनताका कारण द्वन्द्वहरू भइरहेका छन्। विस्तृत शान्ति सम्झौतापश्चात भएका द्वन्द्वहरूले पनि यिनै सम्भावना पुष्टि गरिरहेका छन्, जस्तैः

(क) धर्मनिरपेक्षताविरूद्ध हिन्दु राष्ट्र समर्थकहरूको आन्दोलन र हिंसा।

(ख) एकमधेस प्रदेश तथा स्वराज्यका लागि सम्भावित आन्दोलन र हिंसा

(ग) आत्मनिर्णयको अधिकारसहित पहिचानको सम्भावित आन्दोलन र हिंसा

(घ) भारत र चीनबीच नेपाललाई आफ्नो प्रभावमा राख्ने उद्देश्यले सम्भावित गतिविधि र हिंसा।

(ङ) तिब्बतको स्वतन्त्रताका लागि पश्चिमाबाट हुने गतिविधि र हिंसा।

(च) धर्म परिवर्तन तथा बाह्य हस्तक्षेपविरूद्ध राष्ट्रवादी शक्तिबाट हुने सम्भावित आन्दोलन र हिंसा।

गत चैत १५ र जेठ १५ गते काठमाडौंमा आयोजित राजतन्त्र समर्थकहरूको आन्दोलनमा भएको आगजनी तथा दुईजनाको मृत्युले पनि द्वन्द्वको स्थिति प्रष्ट पार्दछ। यस्तो अवस्थामा आन्दोलनरत पक्ष र सरकारबीच मध्यस्थता गराउने संस्था भएमा क्षति न्यूनीकरण गर्न सकिन्छ। संविधानले व्यवस्था गरेको तीन तहको सरकारबीच क्षेत्राधिकारसम्बन्धी विवादहरू, राजस्व बाँडफाँटदेखि साझा अधिकारको सूची, जस्ता विषयमा मध्यस्थता जरूरी छ।

नेपालमै मुख्यालय रहेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) सुचारू हुन नसकेको वर्तमान अवस्थामा क्षेत्रीय सुरक्षा र समृद्धिको निम्ति मध्यस्थता संगठन र व्यक्तिहरूको भूमिका अत्यन्त महत्वपूर्ण देखिन्छ। भारत-पाकिस्तानबीचको द्वन्द्वका कारण निष्क्रिय बनेको सार्कलाई पुनः गति दिन सक्दा बाह्य प्रभावमुक्त दक्षिण एशिया बन्नसक्ने सम्भावना भारतलाई बुझाउन सकिन्छ।

नेपाल-भारत सीमा विवाद, पाकिस्तान-भारत आतंकवाद समस्या, बंगलादेश-भारत, श्रीलंका, माल्दिभ्स-भारत र भूटान-भारत सम्बन्धका यथास्थिति विश्लेषण गर्दा सबैबीच रहेको संशयलाई हटाउन प्रभावकारी मध्यस्थताको आवश्यकता देखिन्छ। 'युनाइटेड स्टेड इन्स्टुचियुसन अफ पिस' द्वारा काठमाडौंमा प्रस्तुत गरिएको विचारमा आधारित छलफल भारतसहित अन्य सदस्य राष्ट्रहरूबीच गरिनसक्ने हो भने आपसी समझदारी बढ्नसक्छ। चीनको बेल्ट एण्ड रोड इनिसिएटिभ र अमेरिकाको इण्डो-प्यासिफिक रणनीतिबीचको प्रतिस्पर्धालाई सन्तुलन गर्न पनि सार्कको उपस्थितिले सहयोग पु-याउने देखिन्छ।

दक्षिण एशियामा भारत-पाकिस्तान तनाव, सार्कको निष्क्रियता र बाह्य प्रतिस्पर्धाबीच मध्यस्थताको आवश्यकता बढ्दै गएको छ। नेपालस्थित सेन्टर फर डायलग, डाइनामिज्म एण्ड डेभलपमेन्टले स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म संवाद, मेलमिलाप र स्वराज्यमा आधारित शान्तिको प्रयास गरिरहेको छ। विश्वसनीय संस्थागत र सैद्धान्तिक आधार तयार भएकाले नेपाललाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मध्यस्थता केन्द्रका रूपमा उभ्याउने सम्भावना देखिन्छ।

भारतलाई सम्झाउँदै हिमालयदेखि समुद्रसम्मको भूभागलाई सार्कको क्षेत्रका रूपमा बुझाउने अवधारणाले भारतलाई पनि आश्वस्त पार्न सकिन्छ। भारत-पाकिस्तानबीचको द्वन्द्व समाधानमा अमेरिकी राष्ट्रपतिद्वारा मध्यस्थता गराइएको भन्ने अभिव्यक्ति, जसलाई प्रधानमन्त्री मोदीले पछि अस्वीकार गरे, पनि सकारात्मक रूपमा बुझ्न सकिन्छ। भारत-पाकिस्तानबीच १९७२ मा सम्पन्न सिमला सम्झौतामा तेस्रो पक्षको मध्यस्थता स्वीकार नगर्ने प्रावधान हुँदाहुँदै पनि अमेरिकासँगको संवादले नयाँ सन्देश दिएको छ। जी-७ बैठकको अवसरमा प्रधानमन्त्री मोदी र राष्ट्रपति ट्रम्पबीचको टेलिफोन संवाद र पाकिस्तानको रक्षा मन्त्रालयको आग्रहमा युद्धविराम गरिएको जानकारीले पनि सार्कको औचित्य प्रमाणित गर्दछ।

आतंकवादविरूद्ध भारतलाई सहयोग गर्ने प्रतिबद्धता पाकिस्तानसहित सबै राष्ट्रहरूले देखाउन सकेमा भारतलाई सार्कमा सक्रिय गराउन सकिनेछ। विवादका बीच सहकार्यका लागि विश्वसनीय र प्रभावकारी मध्यस्थकर्ता तथा संस्थाको आवश्यकता अवश्यम्भावी देखिन्छ। सेन्टर फर डायलग डायनमिजम एण्ड डेभल्पमेन्ट (सिडिडिडी) राष्ट्रिय, क्षेत्रीय, तथा अन्तर्राष्ट्रिय द्वन्द्व न्यूनीकरण गर्दै दिगो शान्तिमा पुग्ने उद्देश्यले नेपालमा सेन्टर फर डायलग, डाइनामिज्म एण्ड डेभलपमेन्टले कार्य गरिरहेको छ। यो संस्थाको प्रभावकारी रूपमा कार्य गर्ने कार्यक्रम :-

(क) द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा धर्म तथा अध्यात्मिक क्षेत्रको भूमिका-सबै धर्म र सम्प्रदायको सहकार्यमा। (ख) अहिंसामार्फत स्वाभिमानको रक्षा र सामाजिक रूपान्तरण-गान्धी तुलसी स्मारक महागुठीमार्फत। (ग) हिमालदेखि समुद्रसम्मको क्षेत्रलाई दक्षिण एशियाली क्षेत्र मानेर सञ्चालन-चीनलाई संलग्न गराउने आवश्यकता छैन।

(घ) नेपालमा सम्भावित ६ प्रकारका द्वन्द्व समाधानका लागि स्थानीय सरकारसँग सहकार्यमा निम्न कार्यक्रमहरू सञ्चालन :-

१. स्थानीय सरकारः संविधानिक व्यवस्था र लोकतान्त्रिक अवधारणा।

२. न्यायिक समिति र स्थानीय सरकारः मेलमिलापको मार्गचित्र।

३. स्थानीय तहः कार्यसम्पादन तथा सुशासन।

४. लोकतन्त्रको सम्वर्द्धनका लागि वित्त आयोग

५. जातीय छुवाछूत उन्मूलनका लागि धार्मिक क्षेत्रको भूमिका

६. सम्पदा र शान्ति

७. संस्कृति, स्वराज्य र समाजवाद

निष्कर्ष : मध्यस्थताको लागि आवश्यक सैद्धान्तिक र दार्शनिक अवधारणाका रूपमा 'स्वराज्य र मेलमिलाप' पुस्तकले सबै पक्षलाई आश्वस्त पार्न सक्छ। सबैले आफूलाई प्रतिनिधित्व भएको ठान्ने स्वराज्य सिद्धान्तले प्रजातन्त्र, राष्ट्रियता, र समावेशी समाजको ग्यारेन्टी गर्नसक्ने हुँदा यो मध्यस्थताको लागि भरपर्दो आधार बन्नसक्छ। विश्वसनीय व्यवहार र सशक्त सिद्धान्तको उपस्थिति भएकाले नेपाललाई विश्व मध्यस्थता केन्द्रका रूपमा स्थापित गर्नु उपयुक्त हुनेछ।




*अख्तियार प्रमुख प्रेमकुमार राईमाथि नै वाइडबडी भ्रष्टाचार प्रकरणमा छानबिन गर्नुपर्ने उजुरी अख्तियारमै परेको छ। अधिवक्ता युवराज सफलले उजुरी गरेपछि कांग्रेसकी सांसद पन्तले संसदबाटै महाभियोग लगाउनु पर्ने आवाज उठाएकी छिन्। अब के हुन्छ ? धेरेको उत्सुकता र प्रश्न छ। कांग्रेसले यसरी अख्तियार प्रमुखमाथि महाभियोगकै आवश्यकता देख्नु भनेको सत्ता साझेदार कांग्रेस र एमालेभित्र द्वन्द्व बढेको सन्देश पनि हो। गृह सचिवबाट अख्तियार प्रमुख बनाइएका प्रेमकुमार राई प्रम केपी ओलीका विश्वासपात्रका रूपमा चर्चा हुने व्यक्ति हुन्। यसकारण पनि राजनीतिले यू टर्न लिन लागेको अनुमान गरिदैछ।*




# मेरा बा





**अनिलभक्त खरेल**

पुजनीय पिता चक्षु (मासिक, साप्ताहिक), दिव्यचक्षु (दैनिक, साप्ताहिक), चिरस्मरण साप्ताहिक, अतिरूद्रीकोटीहोम पाक्षिकका संस्थापक प्रधानसम्पादक तथा प्रकाशक ज्योतिष पण्डित पद्मभक्त खरेलोपाध्याय वि.सं. २०८२ साल असार ५ गते बिहीवार घर परिवार, छर छिमेक ईष्टमित्र सबलाई स्तब्ध पार्दै सँधैको लागि चिरनिद्रामानै महाप्रस्थान गर्नुभयो। बुबाप्रति हार्दिक श्रध्दासुमन चढाउँदै यस दुःखद समयमा अमेरिकामा म र मेरो परिवार तथा नेपालमा दाई र दाईको परिवार तथा आमाप्रति प्रत्यक्ष रूपमा किरिया बसेको ठाउँमा भेटेर वा फोन, सामाजिक सञ्जालबाट सान्त्वाना दिनुहुने सबैप्रति नमन

वि.सं. २००२ साल फागुन ७ गते काभ्रेपलाञ्चोक जिल्लाको फलाँटे (हालको भुम्लु गाउँपाललिका ७) मा जन्मनुभएका उहाँ नेपालकै पहिलो स्वतन्त्र पत्रकार हुनुहुन्थ्यो। पत्रकारिता गरेकै कारण पञ्चायतकालमा उहाँले कैयौं पटक जेलनेल, हण्डर, ठक्कर व्यहोर्नु परेको थियो। डिबी लामा नेपाल प्रहरीका आईजीपी रहेको बेलामा मध्य दशैंमा पक्राउ गरेर अड्डा सारको नाममा सक्ने कोशिस समेत गरेका थिए तर काल नआएकै कारण होला नेपाल प्रहरीभित्रका केही शुभचिन्तकले गर्दा त्यस्तो हुन पाएन। उहँले पञ्चायतकालमा दर्जनौं मुद्दा मामिला झेल्नु परेको थियो तर २०४६ सालको राजनीतक परिवर्तन पश्चात राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले मुक्ति पाएपनि उहाँको हकमा त्यो लागु भएन त्यो उहाँ बाम्बार भनिरहनुहुन्थ्यो। डिबी लामा, शरदचन्द्र शाह, सुशिला थापा लगायतकाहरूको मुद्दा उहाँले पछिसम्म लडिरहनु भएको थियो। झण्डै ६० वर्षको लामो पत्रकारिकामा सक्रिय रहनु भएको उहाँले कलमको निब कहिल्यै भाँच्नु दिनु भएन, कसैसंग सम्झौता गर्नु भएन।

शरदचन्द्र शाह भित्रं बाहिर, गणेशमानलाई चिठ्ठी नामक स्तम्भ चलाउने उहाँ नेपालको होचिमिन्ह नामले प्रख्यात हुनुहुन्थ्यो। उहाँ वि.सं. २०१८ सालमै काठमाडोंको राष्टिय जनसुधार स्कुल बागबजारको प्रधानाध्यापक हुनुहुन्थ्यो। उहाँ धार्मिक सामाजिक व्यक्तित्व हुनुहुन्थ्थ्यो। आफ्नो जन्म गाउँ फलाँटेमा उहाँले प्रहरी चौकी तथा आधारभुत स्कुलहरू स्थापनामा गर्नु भएको थियो। उहाँले काठमाण्डांको लाजिम्पाटमा ३ महिनासम्म अतिरूद्री कोटिहोम सहित १८ महापुराण तथा काभ्रेपालञ्चोक जिल्लाको भगवती मन्दिर परिसरमा पनि कोटिहोम लगाउनु भएको थाये। आजभन्दा ३० वर्ष अघि ७० वर्षको आमासहित उहाँले नेपालको मानसरोवर कैलाशदेखि दामोदर कुण्ड तथा भारतका विभिन्न तीर्थाटन गर्नुभएको थियो। उहाँ कसैको कुभलो नचिताउने, आइनलाग्ने, कसैको अधिनमा बस्न नचाहने एक निर्भिक, निडर र हक्की स्वभावको हुनुहुन्थ्यो। मैले थाहा पाएसम्म म नेपालमा रहँदा पिसाबसम्बन्धी सस्याका कारण अप्रेशन गर्दा २ पटक र म अमेरिका आएपछि आजभन्दा ५ वर्ष अगाडि सुगर कम भएर अस्पताल बसेको बाहेक अस्पतालमा लामो सय बस्नु भएको थिएन र आफुले अन्तिम सास छोड्ने बेलामा समेत कसैले त्यस्तो दुःख पाएनन्। १३ दिनको काज किरियामा परिवारले पनि त्यस्तो कठिनाई भोग्नु परेन। हो परिवार गुमाउँदा निकै गाह्रो हुन्छ तर पनि यत्ति चाँही भन्छु नै मरण होस् त मेरो बुबाको जस्तो।

उहाँले हामीलाई सबल, सक्षम र आत्मनिर्भर बनाएर जानु भयो। सायद पत्रकारिताको निब भाँचेको भए हामी आत्मनिर्भर हुँदैनथ्यौं होला। एसएलसी दिएपछि १४ वर्षदेखि दाईलाई र १५ वर्षदेखि मलाई उहाँले पत्रकारिता सिकाउनु भयो। उहाँकै कारण नेपालको ईतिहासमा एकै परिवारका ३ जना स्वतन्त्र पत्रकार बुबा, दाई र म नै हौं यसमा मलाई गर्व छ। मेरो स्वतन्त्र पत्रकारको लाईसेन्स अमेरिका आएपछि नविकरण हुन छोड्यो। हामी अहिले आफनो ठाउँमा सबल र सक्षम छौं। उहाँका जेष्ठ सुपुत्र दाई डा. अश्वत्थामाभक्त खरेल उपप्राध्यापक हुनुहुन्छ। कनिष्ठा सुपुत्र म अनिलभक्त खरेल अमेरिकामा आफनो घरपरिवार चलाएर बसेको छु। जेठी बुहारी भाउजु नेपालमा मानवअधिकारको क्षेत्रीय प्रमुख हुनुहुन्छ। कान्छी बुहारी मेरी श्रीमती म संगै अमेरिकामा रहेर मलाई होस्टेमा हैंसे गरिरहेकी छिन्। नाति मेरा सुपुत्र कोहिनुर खरेल पनि मसंगै सहेर पढ्दै र आफुलाई पुग्ने कमाई गरिरहेको छ। नातिनी कोविना खरेल अमेरिकामा र अर्का नाति कोविद खरेल नेपालमा परिवारसंग रमाईरहेका छन्। सायद बुबालाई अलिकति चिन्ता थियो भने आमाको हुनुपर्छ। यदि हामीले आमालाई खुशी राख्न सक्यौं भने पितृप्रति न्याय हुन्छ। हामीलाई त्यो शक्ति, वरदान प्राप्त होस।

समय परिस्थितिले विदेशमा बसेको कारण यस्तो अवस्थामा पनि म नेपाल जान सकिन। मेरो पासपोर्टको समय सकिन लागेको कारण बुबाको देहान्त हुनुभन्दा १५ दिन अघिनै म र मेरी श्रीमती दुवैले अर्को नयाँको लागि निवेदन दिएका थियौं। हामीलाई २ साताभित्र कतै जाने विचार छ कि छैन, छ भने चाँडो हुन्छ भनेर सोधिएको थियो। तर हामीले नियमित नै भए हुन्छ भन्यौ किनकी यस्तो अप्रिय अटना घट्ला भन्ने अलिकति पनि सोच आएन। सायद नजुराएकोले होला हातमा पासपोर्ट नभएर हामी जान सकेनौं। बल्ल जुलाई ५ तारिखका दिन पासपोर्ट हात पर्‍यो त्यो अहिले यतिखेर हामीलाई लगनपछिको पोते जस्तै भएको छ। नेपाल जान नपाएकोमा पछुतो छ। तर गाउँने गाउँलेहरूले यतिखेर गाउन र कुरा काट्न पाएका छन् काटुन् नै यसमा हाम्रो केही भन्नु छैन।

शिरमा पानी हालेपछि पैतालामा पुग्छ नै। आदरणीय दाजु डा. अश्वत्थामाभक्त खरेल, जो बाउ पछिको बाऊ पनि मानिन्छ र हुनुहुन्छ उहाँले गरेपछि मैले नपाउँने भन्ने हुन सक्दैन। दाजुले नेपालमा सबै कर्मकाण्ड गर्नुभएको र मैले पनि यही बसेर १३ दिनसम्म नित्य चोखो निधो गरे नै। म मात्रै त्यस्तो एक्लो व्यक्ति होइन र हुँदैनन् पनि जो यस्तो अवस्थामा नेपाल नगएको। कुवामा रमाउनेहरूले वाध्यता र यथार्थ बुझेनन् र बुझ्दैनन् यसमा दुःख लाग्नु स्वाभाविक नै हो। अन्तमा बुबाको बैकुण्ठ बास होस् फेरि जन्मनु मर्नु नपरोस। हरयये नमः। अस्तु।

## In the Context of First 65 Older Hospital of Kavre Banepa and Contribution of Cosmopolitan Heros and builders of Young Directors for the Promotion of the Foreign Hospital in Banepa Nepal.

# My Memories and Participation ( Part One )

**By Uttam Karmacharya**



I was raised in Banepa . I did my School Leaving Certificate (SLC) from Azad High School Banepa in the academic year 2017-18 BS. The school was located in the temple periphery of Chandeshwori Temple Phalchha. I still remember the foundation construction of the hospital supervised and led by Dr. Stanley Sturges a tall American citizen on the a to and from Banepa when I was the student of 5/6 grade. We student used to help Dr. Sturges to count the bricks and piled into 100 block unloaded by the local Klim worker. Dr. Sturges encouraged us to continue visit the hospital complex / Ghokechaura to count the bricks.

Before the construction of the hospital a small clinic was started in banepa Dachhutole presently call Laiku Durwar in a small room where we used to visit for treatment. Late Ramchandra Rajbanshi was the first receptionist to register the name list for dr. appointment. He used to list down the name list in English. After several years of clinic operation the hospital was founded in 1957 in the name of The Scheer Memorial Adventist Hospital located in Banepa, a small village 18 miles east of Nepal's capital, Kathmandu. Situated near the Himalayan Mountains, it lies in a fertile valley at an elevation of nearly 5,000 feet. Named after a New Jersey couple who donated money for the institution by Dr. and Mrs. Stanley Sturges.

After my SLC I used to visit the hospital for the treatment of the people of Bhaktapur and Banepa.

The hospital was very popular the only for the whole Kavre district but also for Kathmandu valley especially for Bhaktapur district.

The back ground and rationale

For a long time, Nepal existed under the rule of hereditary prime ministers who favored a policy of isolation. It remained closed to the outside world until a palace revolt in 1950 restored the crown's authority in 1951. Only after this time did the country allow Adventist foreigners to enter, not as missionaries, but as medical personnel.

In 1957, Pastor W. F. Storz, the president of the Northeast Union in the Southern Asia Division, and Allan Maberly, flew over the hills into Nepal with Stanley Sturges, a young doctor from Loma Linda. With letters of introduction to government officials, they interviewed the minister for health and the foreign minister, seeking permission to open medical opportunities in Nepal.[3]

They explained their plan to first place a central clinic in a strategic area and then work the surrounding villages with a mobile clinic. Later on, they said, they would establish a small hospital as the need arose. Dr. Sturges would serve as head of the unit, assisted by two nationals from India. After they outlined their concept to the health minister, also a medical doctor, the official exclaimed, "This is just what Nepal needs!" He then turned to a large map and put his finger on it. "That is where we want you," he said, "right at Banepa." The Adventist representatives had never heard of the place and did not have time to visit it, as they had to get back to India. But they accepted the location and made formal applications to begin the program in Banepa.[4]

Outpatient clinic Founding

While the hospital was under construction, the village made available a small building in which Dr. Sturges conducted an outpatient clinic. He began his work in a small room with just the help of his wife, surrounded by cows, goats, and the sick. Dr. Stanley, Raylene Sturges, and their children stayed with the high priest at the Chandawori Temple about a half mile up the road. They started off with a borrowed jeep, a medical kit, and donated medicine. Mr. Clifford C. Scheer, as a memorial to his parents, Charles J. and Carolyn Scheer, donated most of the money needed to construct the hospital. Funding for equipment, room furnishings, and medical supply necessities came from CARE and the Seventh-day Adventist Church.

The Scheer Memorial Hospital officially opened May 18, 1960, with Dr. Sturges as the medical director. For a long time, it was the only general hospital serving the large population east of Kathmandu. It started with 20 beds.

Setback and Reconceptualization

After Dr. Sturges returned to his homeland in 1963, his brother, Keith Sturges, took over and served there for four years.[10]

In 1969, the hospital expanded from 20 beds to 30 beds when the obstetrical wing officially opened on February 17 while Dr. Richard I. Clark was the medical director.[11]

The hospital slowly added more beds, reaching 32 beds in 1973 and 36 beds in 1979. Then it jumped to 50 beds in 1990 under the leadership of Ruben Urrejola and increased to 65 beds in 2000 when Rafael Garcia was the administrator and Dr. Ira Bailie the medical director.[12]

In 2001 Fylvia and Roy Kline arrived, and with the new nursing school, the hospital grew into a 150-bed hospital. Roy Kline, the administrator at the time, stayed on during the war when the communists tried to take over. Despite all the killing and unrest, under their management the hospital continued to develop.[13]

Currently, Scheer Memorial Hospital has evolved into a three-story, 150 bed facility that provides a full range of outpatient and inpatient services.

ER: 24-hour emergency service and out-patient department

Medicine: dental, dermatology, STI, leprosy clinic, DOTS clinic, ENT, internal medicine, cardiology, echocardiography, carotid doppler, endocrinology, ICU

Pediatrics: NICU, PICU

Surgical: anesthesia, general surgery, laparoscopic surgeries, urology (PCNL, TURP, TURBT, URSL)

Diagnostics: lab, X ray, radiology, ultrasound, venous doppler

Obstetrics/gynecology: Safe Motherhood Program

Orthopedics: physiotherapy

Out-reach clinics and community health :

Pharmacy[14] Historical Role

As one of the poorest nations in the world, one third of Nepal's population lives below the poverty line. Many in the region around Scheer can't afford the cost of a health care consultation, but the hospital doesn't turn anyone away because they can't pay. People come from miles around, traveling on foot from rural villages with no roads, electricity, or adequate health care. Some even arrive carrying sick family members on their backs, because they know they'll be welcomed, regardless of finances.[15]

Professional medical teams from America, the Netherlands, Australia, and Japan conduct annual, free health camps at Scheer, providing surgical repairs for burn victims, uterine prolapse, and cleft lip/palate patients.[16]

Prospects and Constrains :

In a country that restricts proselytization, Scheer Memorial Adventist Hospital is the Adventist church's chief witness to God's love. It provides excellent support to the community through health education and elementary education. Yet, the hospital is almost always under the threat of takeover. Renewing the license is difficult each time. Visas for doctors are a challenge. The hospital can do little to ensure continued service except to pray for God's intervention.

Outstanding Heros and Builders of Medical Directors for the promotion of the hospital :

1960-1962 S.G. Sturges




| | |
|---|---|
| 1963-1967 | K.W. Sturges |
| 1968-1972 | R. I. Clark |
| 1973-1974 | C. P. Jaggi |
| 1975-1976 | R. I. Clark |
| 1977-1983 | J. B. Oliver |
| 1986-1988 | L. J. Vigna |
| 1989 | Nestor E. Hein (acting) |
| 1990-1991 | Ruben Urrejola |
| 1997 | Leonardo Vigna |
| 1998-2000 | Ira Bailie |

From 1984 to 1988 the director general, department of health, of His Majesty's Government, Nepal, was on the board of management as chairman.

Administrators:

| | |
|---|---|
| 1984-1985 | David H. Skau |
| 1992 | Derreck E. Binning |
| 1993-1994 | Arthur H. Blood |
| 1995-1996 | Leonardo Vigna (served five years as administrator, MD, and CMO) |
| 1998-2000 | Rafael Garcia |
| 2001-2007 | Roy Kline |
| 2008 | Wesley Lutz |
| 2009-2013 | Lincoln Morikone |
| 2014-2015 | Fernando Cardona |
| | Dale Mole |
| 2018- | Dr. Jonathan Thorp |
| 2011-2015 | Fernando Cardona |

At present headed by Dr. Hector Gentapanan Gayares,

By the I came to know Dr. Vigna and Mrs. Rampyari Bajracharya, as the office secretary of Dr. Leonardo Vigna because of frequent visit to the hospital and visit of Dr. Leonardo Vigna to Bhaktapur time to time in different occasions. During his first assignment we develop a proposal to CTEVT about need of health trade in Nepal especially on the faculties of Lab technician, Radiography and staff Nurse. A copy must be with Mrs. Ram pyari and Dr. Leonardo Vigna . At that time a single person of Lab technician was Mr. Ganesh Dai. Now he is staying the USA.

I became very close with Dr. Vigna Dr. Hein and Dr. Urowjola and Director Mr. blood and their wives as a part time Nepali teacher for several years. I got chance to coordinate donation for the building construction of Oxygen plant through late Nitya Narayan Karmacharya from Bhaktpur after his operation in the hospital .

It was very surprising to know Dr. Hector assignment to Shreer Memorial Hospital through Dr. Shree Krishna of the SMH.I got his visiting Card I came to noew that Dr. Hector was from the Philippine. And he did his medical study from the University of the Philippines (UP ) manila Quezon city where I did my certificate of Teacher education in 1972. With this academic university attachment we became closer and I invited Dr. Hector with his wife Dr. to visit our hospital and college and had lunch together at Thakaali Restaurant in New Thimi Radhe Radhe area. Since then we have become very close and close visitng together here and there special in Bhaktapur festival 2024, and eating varies of local food with their son.

By the way , Dr. Hector and his family visited home back to the Philippines for some weeks after professional visit to other countries to see his parents and children . On the way back they aere kind enough to present me the Philippine national dress for our long lasting memory visiting our college and hospital. I am very thankful and obelized to them for their present from the Philippine and honor as an elderly people of Nepal.

One day I request to Dr. Hector to share his biodate / life profile as I am very found of life proflee of the friends to know each other . I was lucky enough to get his biodata in detail the seven pages. It was quite worth to go through his life / Currricular Vitae : Hector Gentapanan Gayares, Jr; MD. MPA.CHA.FPCHA, FPSST, FPALES, FPSGS,FPCS and FICS. One should go through his Currricular Vitae as a very outstanding medical expertise of not only of the Asia and Pacific but of the borderless world.

We must express our heartiest congratulation to him and his family Madam Dr. Gayares for their painstaking efforts for the promotion of the hospital professional and technical life.

I will share more about the hospital and life of Dr . Hector and Madam Dr. Gayares next in part two some weeks back.

***Professor Dr. Uttam K. Karmacharya ( Ph.D)***

*Former Consultant Advisor of Banepa Municipality*

*1. Director, Dr. Iwamura Memorial Hospital Bhaktapur Nepal*

*2. Executive Director, Iwamura College of Health Science Bhaktapur Nepal*



Certificate of Appreciation

THIS CERTIFICATE IS PROUDLY PRESENTED TO

Dr. Leonardo Juan Vigna

Senior Respectable & distinguished Surgeon Dr. Leonardo Juan Vigna was my academic & intellectual friend. We are almost contemporary in age but the different is Dr Leonardo was born in Argentina & me in Bhaktapur, Nepal. We know him & his family since his assignment in Banepa's Shreer Memorial hospital as a consultant advisor of Banepa Municipalty mostly during the period of Banepa Muncipality mayor Late Ram Bhakta Kokha Shrestha. We highly appreciate his farsighted mission & vision for the promotion & enrichment of Shreer Memorial Hospital from 1982 to 1997 contributing as Medical Director. In Nepal, we appreciate to call him **"The father of Laparoscopic surgeon of Nepal"**. It was first operated in Banepa under his leadership as a senior Surgeon in 1993. His service around 17 years in Banepa's Sheer Memorial Hospital can be called as the **Golden period of the hospital**. We still remember his fan fear and memorable welcome and farewel occasion.

We are very proud of Dr. Leonardo Juan Vigna. On the auspicious **71st Birthday (Diamond Jubilee)**, we wish to express our long-left and heart-felt congratulation and greetings to him for his outstanding intellectual and medical expertise, balanced persorality, friendlier-friendship and ever-ready-help and support extended to us as and when needed.

Prof. Dr. Uttam Karmacharya

Chairperson
Nepal Association of Nationalists
(NAN- Nepal)

Director
Iwamura College of Health Science
Bhaktapur, Nepal

*3. Honorary Principal , Chanakya Educators Madhyapur Thimi Bhaktapur*

*4. Member of Bhaktapur District Court Judicial Coordination Commttee 2016*

*5. Advisor,National Community for Festive Time Reform in Nepal and Bhaktapur Unit 2018*

*6. Chairman, Human Right Responsibility Nepal 2017*

*7. University Grants Commission T F Member 2015*

*8. RI District 3292 Nepal-Bhutan, Member, District Advisory Council 2015*

*9. Consultant Adviser, Earthquake Mission Bhaktapur 2015*

*10. Chartered Vice President and PP of the First Rotary Club of Bhaktapur 2003*

*11. Adviser/ BOD Shiddi Memorial Foundation (Children and Women Hospital) Nepal 2000.*

*12. Former visiting Professor to several Countries and Universities.*

*13. Former adviser and consultant to Banepa Municipality and Bhaktapur Municipality.*

*14. Worked in more than 15 countries through ACCU/ UNESCO and Ministry of Education*

*15. First Research Consultant and Team Leader to Nanjing University China for Rural Education*

*Landline 977-1- 6610680 Cell Contact: 98693- 46032 / Viber contact: 1-469-213-8765*

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 17 **Thumb Impression**

This was contrary to the letter and spirit of the thirty-eighth amendment, but New Delhi raised no objections. Justice Hidayatullah's view was that such amendments had no force in Sikkim because "no law of one state can affect the status of an agreeing state, a party to a treaty" Only another treaty—not the Indian constitution—could alter the kingdom's position. contd....

Even in 1974, he foresaw the possibility that New Delhi would sooner or later invoke the principle of clausula rebus sic stantibus (treaties will be observed only while things thus stand), pleading catastrophic changes that violated the intentions of the signatories. Examining the earlier amendment's wording, Hidayatullah had warned:

It will be noticed that the expression "treaty" is sedulously avoided. The only intention can be that at some future occasion. it may be said that the treaty cannot now operate because of the events that have taken place. It will be noticed that the Chogyal was the signatory, and he has had no share in the resolutions and requests which have completely avoided him. If such a claim for application of the doctrine is made, it will amount to abus de droit (abuse of rights) of the signatory of the treaty.

Anticipating changes, India's lawyer-vice-president advised that no enactment in New Delhi could convert the kingdom into an Indian state. It was bound by the still extant 1974 Act. If that Act had ceased to apply, as claimed by Khatiawara and Chavan, then Sikkim reverted to being a protected monarchy. Nar Bahadur Khatiawara was not aware of these legal implications. Nor did any great concern for moral principle inspire his postures. contd.....

# इतिहासका तीतामीठा घटनाक्रम



डा. शास्त्रदत्त पन्त

एकिकरण पूर्वका शाहवंशी राजाहरूको बारेमा अघिल्लो अध्यामा उल्लेख गरिसकिएको छ । नेपाल एकिकरण हुनु पहिले पनि नेपालका बिभिन्न राज्य रजौटमा शाह बंशीय राजाले नै राज्य गरेका थिए । वैदिक पद्धतिमा राजा अनिवार्य हुनु पर्दछ । सनातनी उक्ती छ पानी खानु मूलको छोरी ल्याउनु कुलको । त्यस्तै राजा क्षत्रीय कुलको तथा श्री रामका उत्तराधिकारी हुनु पर्दछ । तिनलाई पनि राज्यभिशेक नामक पद्धतिबाट प्राणप्रतिष्ठा गरेर बिश्णुको संस्कार बोक्ने खाले बनाइन्छ । नेपालका शाह राजबंश श्री रामका उत्तराधिकारीको बंश रहेको भन्ने हिन्दु समाजको मान्यता छ । त्यसैले श्रीराम जस्तै राजालाई विश्णुको अबतार भनिएको हो । राज कुल खोज्ने क्रममा कयौं साना देशले राजा मागेर ल्याउने गरेका घटना छन् । कृषकले उच्च गुणस्तरको बिऊ खोजेर खेती गरेझैं वैदिक संस्कारमा उच्च कुलिन बंश खोजेर राजा बनाउने, श्री विश्णु जस्तै प्राणी मात्रको स्याहार संभार गर्ने (पाल्ने) जिम्मेबार ठानिन्छ । राजाका काम, आचरण, व्यवकार र चरित्र वेदले नै निर्धाण गरेको हुन्छ । वेद पनि मानबकृत नभएर श्रष्टाले नै दिएको मानिन्छ ।

मेकाउलेको शिक्षापद्धतिबाट उक्सिएर राजनीतिमा लागेका नयाँ पीडीले २४० बर्षे तानशाही, सामन्त शाह शासनबाट पिल्सिएका नेपाली जनता भनेर सर्व साधारण जनतालाई सम्बोधन गर्दछन् । यो देशको इतिहास, भूगोल र संस्कार नबुझेको बायष्ट मनस्थिको उपज हो । यथार्थ के हो भने शाह राजाले देश बढाउने बनाउने काम धेरै गरे तर देशको शासन अत्यन्त न्युन गरेका छन् ।

पृथ्वीनारायणशाहको जीवन राज्य एकिकरण गर्दा गर्दै सकिन्छ । उनले शासन गर्न भ्याएनन् । त्यसैले शासन कसरी गर्नं पर्दछ भन्ने कुराकालागि दिब्य उपदेश नामक शासन सूत्र लेखेर छोडेका हुन् । राज्य एकिकरण अभियान सन १८१६मा सुगौली सन्धी हुने बेलासमम्म कायम रह्यो । यस बिचमा पनि राज्यको शासन गर्ने छ थरघरका जनताले नै शासन गर्दथे । काजी दामोदर पाण्डे, काजी बंशराजपाडे, काजी कीर्तिमानसिह, काजी बख्तबर सिंह, काजी त्रिभूवन प्रधान, काजी अजम्बर पन्त, काजी नयनसिंह थापा, काजी अमृतसिंह थापा, काजी रणजंपाण्डे, काजी रंगनाथ पाण्डे, ज. भिमसेनथापा, ज.माथबरसिंह थापा, र काजी जंगबहादुर कुवर हरूले नै गरेका हुन् । यी सबै कालमा राजा प्राय नाबालक थिए भने जंगबहादुर सत्तामा आएपछि २००७ सालसम्म राणालेनै एकलौटी शासन गरे । २४० बर्ष भनिए पनि केबल २०१७ देखि २०४६ सालसम्म केबल ३० बर्ष शाह राजाले राज्य गरे । नेपाललले जे जति प्रगति उन्नति गऱ्यो त्यो यही तीश बर्षमा भएको हो । नेपालमा मात्र होइन विश्वभरमानै सबैभन्दा धेरै यसै कालमा भएको छ भनेर अमेरिकी लेखक जोनाथान ग्रेगसनले प्रस्तुत गरेकाछन् ।[६]

शाह बंशीय राजाहरूको आयु अत्यन्त छोटो छ । कतिपय अवस्थामा राजा हुन नपाउँदै मृत्यु भएको छ । तिनताक बाल बिबाह गर्ने प्रचलन नभएको भए उत्तराधिकारी पनि नपाउने अवस्था थियो । नाबालक राजाको नाममा नायबी शासन गरिएको अबधी पनि निकै लामो छ । नायबी गर्नेमा प्रायश: राजमाता/रानीहरूको नै हुने गरेको पाइन्छ । राज्यसंचालनमा निस्पक्षता, सुशासन, निहित स्वार्थरहित, पारदर्शीता, राष्ट्रप्रेम र सर्बहिताय मुख्य वस्तु हुन्छन् । प्रत्यक्ष अप्रत्यक्ष गरी रानी/नारीको शासनकालमा लामो छ । रानीको शासनमा निहित स्वार्थपरक मोजमस्तीको आकांक्षा बढी पाइन्छ । सबै कालमा जहातहीं हुने आइमाईको रोइलो यहाँ पनि पाइन्छ । नेपालको राज्य व्यवस्था अधार्मिक, अनैतिक र संकिर्णताका सबै पाटोमा नारीको कारण नै भएको पाइन्छ । राणीको राज्य भन्ने उखानै छ ।

अध्यारा रातमा छ । राजाको आयु । नाबालक राजा । राजसंस्थाको निरन्तर सम्मान । श्री ५पृथ्वीनारायण शाह (१८३१ माघ १६ (सन १ जुलाई १७२३–११ जनवरी १७७५)

पृथ्वीनारायाण शाह गोरखाका राजा द्रव्य शाहका एघारौं पुस्ताका उत्तराधिकारी बीरभद्र शाहका नाती तथा नरभूपाल शाहका जेठा छोरा हुन् । त्यसबेलाको प्रचलन अनुसार नरभूपाल शाहले चारवटी रानी विवाह गरेर राजा दशरथको सिको गरेका थिए । सायद राजाका उत्तराधिकारीको अभाव नहोस् भन्ने धारणाले यसो गर्ने गरिन्थ्यो । उनले बिबाह गरेका ती चार रानीमा -जेठी, चन्द्रप्रभावपति खाचीकी राजकुमारी थिइन् । माहिली कौसल्यावती पाल्पाका राजा गन्धर्व सेनकी छोरी थिइन् । साहिली बुद्धिमतीदेवी पर्वतका राजाकी भतिजी र कान्छी सुभद्रादेवी तनहुँकी राजकुमारी थिइन् ।

माहिली रानीका गर्भबाट सन सम्बत् (१७२३ जनवरी ७ ) का दिन पृथ्वीनारायण शाहको जन्म भएको थियो । जेठी रानीका कुनै सन्तान जन्मेनन् । माहिलीका गर्भबाट पृथ्वीनारायण, दलमर्दन र पृथ्वीपति गरी तीन छोरा र पद्म कुमारी एक छोरी जन्मेका थिए । पृथ्वीपतिको सानैमा मृत्यु भयो । साहिली रानीका गर्भबाट वृन्दकेशर र शुर प्रताप शाहको जन्म भएको थियो । वृन्दकेशरको सानैमा मृत्यु भयो । कान्छी रानीका गर्भबाट मओद्दामकीर्ति र दलजित शाहको जन्म भएको थियो ।

पृथ्वीनारायण शाहको शिक्षादीक्षा दरबारमै भएको थियो । तिनताक पीडी शिक्षा पद्धतिबाट राजशिक्षा दिइन्थ्यो । पं. महेश्वर पन्त उनका प्रमुख शिक्षा गुरू थिए । उनको लालन पालन उनकी जेठी आमा चन्द्रप्रभावती बाट भएको थियो । उनका कुनै सन्तान थिएनन् ।

पृथ्वीनारायण १४ वर्षको उमेर पुगेपछि मकवानपुरका राजा हेमकर्ण सेनकी १२ वर्षकी छोरी इन्द्र कुमारी सँग बिबाह भएको थियो । तत्कालीन प्रचलन अनुसार विवाहको केही वर्ष पछि उनी दुलही लिन मकवानपुर गएका थिए । उनले विवाहमा प्रयोग गरिएको गजमोति नामक हात्ती र एक दन्ता हात्ती पनि दुलही संगै लान चाहेका थिए । मकवानपुरका राजाले दिन चाहे पनि युवराज दिग्वन्त सेनले दिन मानेन् । उनी रूष्ट भए । दुलही पनि नलिएर खालिहात गोर्खा फर्के । नतिजा के भयो भने पहिलो विवाह भएको ५ वर्ष पछि काशीका राजपुत अभिमान सिंहकी छोरी नरेन्द्र लक्ष्मीसँग दोश्रो बिबाह गरे । उनीबाट पृथ्वीनारायण शाहका दुइवटा छोरा जन्मे । जेठा प्रतापसिंह र कान्छा बहादुर शाह ।

लगत्तै पृथ्वीनारायण शाहले काठमाण्डौ उउत्यकाका तीन राज्यसँग राम्रो मित्रता कायम गरे । त्यँहाको यथार्थ वस्तुस्थितिको अध्यन पनि गरे । काजी विराज थापामगर र पं.महेश्वर पन्तको नेतृत्वमा नुवाकोटमा सर गर्न पठाए । त्यसमा उनको हार भयो । नुवाकोट हमलामा हार भएपछि उनी आफै काशी गएर हतियार ल्याए । नुवाकोटका राजा सगोत्री थिए । धर्म परंपरा अनुसार गोत्रबधबाट मुक्त हुन काशीवास गए । त्यहाँ वैदिक बिधि अनुसार आफ्नो भारद्वाज गोत्र त्याग गरेर गुरूको कस्यप गोत्र ग्रहण गरे । हतियार खरिद गरे । हतियार र हतियार बनाउने केही सिपाला सहित गोरखा फर्कदा गोरखपुर नजिकैको अवध राज्यका सेनाले हतियार जाँच गर्न खोजे । उनले जाँचगर्न खोज्ने चौकीमाथि नै आक्रमण गरे । हतियार जोगाएर वुटवल, रिडी आँधिखोला हुदै चौविसी राज्यको गतिविधि बुझ्दै गोरखा आइपुगेका थिए । सन १७४४ मा नुवाकोट र लगत्तै बेलकोट माथि विजय हासिल गरेपछि गोरखा राज्यको बिस्तार क्रम सुरू हुन्छ ।

त्यसपछि चौवीसी राजाहरूको उनी माथि लगातार प्रहार भइरहन्छ, उनले प्रतिकार गरिरहन्छन् । अनि उनले का.उ.का तीन राजावीच फाटो हाल्न थाल्छन् । तिनीहरूको उत्तरको व्यापारलाई नाकावन्दी गरिदिन्छन् । तर पनि मकवानपुरका राजाले उनीहरूलाई निरन्तर सहयोग गरी रहेकाले बिजय हात लाग्दैन । गुह्य बुझेपछि भाइहरू कीर्तिमहाद्दाम, दलमर्दन, दलजीत र शूरप्रताप अनि काजी वंशराज पाण्डे र सेनापति केदारसिंह वस्नेतलाई मकवानपुर माथि आक्रमण गर्न पठाउँदछन् । सन १७४६मा भएको सो युद्धमा गोरखा विजय हुन्छ । मकवानपुर गोरखामा गाभिएपछि काठमाडौंलाई सर गर्न लगाइन्छ । अनि पछिमात्र उनको नाकावन्दी नीति प्रभाकारी हुन्छ ।

मकवानपुरबाट भागेका राजा दिगवन्द सेन वंगालका नवाव मिरकाशिमको सहयोग अपेक्षाकालागि त्यहाँ पुग्दछन् । मिरकाशिमले मकवानपुर फर्काउन सहयोग पनि गर्दछन् । मकवानपुरले गोरखालीमाथि आक्रमण गर्दछ । गोरखाको फौजले २० जनवरी १७६३ मा मुसलमान फौजलाई पनि भागाभाग हुने गरी अक्रमण गर्दछ । मुसलमानको फौजबाट ठूलो संख्यामा हतियार जफत गर्न सफल हुन्छ । जफत गरिएका हतियार एकिकरण अभियानका लागि एउटा ठूलो पुजी बन्दछ ।

त्यसपछि उनी काठमाडौंलाई चारैतिरबाट खुम्च्याउने रणनीति बनाउँदछन् ।१६ सेप्टेम्वर १७६४ का दिन कीर्तिपुरमा फोरि आक्रमण गर्दछन् । त्यस युद्धमा शुरप्रताप, दलजीत शाह र श्रीहर्ष पन्तले नेतृत्व गर्दछन् । त्यसबखत पृथ्वीनारायणका भाई .........स्वय पाटनका राजा हुँदा पनि कीर्तिपुर युद्धमा तठस्थ बस्दछन् । फलत: गोरखाली फौज फेरि पनि पराजय हुन्छ । सन १७६७ को तेश्रो युद्धमा मात्र गोरखाले कीर्तिपुर माथि विजय हासिल गर्न सक्दछ । कीर्तिपुर गोरखाको हातमा परेपछि काठमाडौंका राजा अत्तालिन्छन् । उनले अंग्रेज फौजको मद्दत माग्दछन् । अंग्रेजले पनि तिबतको व्यापार नाकामा नाकाबन्दी भएकाले किनलकको नेतृत्वमा गोरखामाथि आक्रमण गर्न फौज पठाउँदछ । अग्रेजका २४ फौज सिन्धुलीसम्म आइपुग्द छन् । गोरखालीले अग्रेजको फौजलाई परास्त गराई दिन्छन् । यस युद्धमा गोरखालीका १२०० मध्ये ३०० र अंग्रेजका २४०० मध्ये १६०० योद्धाको मृत्यु हुन्छ । अंग्रेजका ३०० हतियार गोरखालीको हात लाग्दछ । मकबानपुर, मिरकासिम र अग्रेजका हतियार समेटेर पृथ्वी नारायण शाहले पश्चिमतिर राज्य विस्तार गर्न थाल्दछन् । काजी वंशराज पाण्डेको नेतृत्वमा उत्तर तर्फको बाटो हुदै लम्जुङ र कास्कीमा र सरदार केहरसिंह वस्नेतको नेतृत्वमा दक्षिणको बाटो हुँदै रिसिङ र घिदिङमा अधिकार जमाउने रणनितिकासाथ फौज परिचालन गर्दछन् । केहर सिंहले नेतृत्व गरेको फौजले सन १७७१ मा दाङ, मनाङ र दुरूङचुङमा अधिकार जमाउँछ । त्यो थाहा पाएपछि तनहुँका राजा कमारिदत्त सेनले आत्महत्या गर्दछन् । उनका छोरा हरकुमारदत्त सेनले गोरखाको आधिपत्य स्वीकार गर्दछन् । तनहुँका राजाले आत्मसमर्पण गर्दछन् । छिमेकी सबैको गति देखेपछि लम्जुङका राजा सिद्धिनारायण शाहले पनि आत्मसमर्पण गर्दछन् । त्यसपछि वंशराजको फौजले पश्चिम नुवाकोट ( स्याङ्जा) र केदारसिंहको फौजले ढोर राज्यसमेत अधिनस्त गर्दछन् । दुवै नेतृत्वको फौज एक साथ भएर भीरकोट, गरहुँ, पैयुँलाई अधिनस्त गर्दछन् । यसपछि मात्र शाह वंशकै भाइ भतिजाले शासन गरेका राज्य एकतृत हुन्छन् । तर पर्वतका राजा कीर्तिवम मल्ल र पाल्पाका राजा मुकुन्दसेनले विजय गरेर गोरखा फर्किरहेका पृथ्वी नारायणको फौजमाथि अनायास आक्रमण गर्दछन् । आक्रमणकारीले केहरसिंहलाई मार्दछन् । वंशराजलाई कैद गर्दछन् । तत्काल कास्की, लम्जुङ र तनहुँले फेरि आफू स्वतन्त्र भएको घोषण गर्दछन् । यस घटनालेगर्दा पृथ्वीनारायण शाहले पश्चिमका राज्य विस्तारको अभियान छाडेर पूर्वतिर अगाडी बढ्दछन् ।

# देशभक्तको अभावमा देश बलियो हुनसक्दैन



सुरेशकुमार पाण्डे

भन्छौं देशभित्र विदेशीहरूको चलखेल बढ्यो ;तर यो किन पत्ता गर्दैनौं चलखेल किन बढ्यो ? चलखेल आजबाट बढेको होइन जतिवेला भारत आजाद भयो त्यसपछि आधिकारिक रूपमा भारतीयहरूको प्रवेश भयो । अहिले त चलखेलमा ब्यापकता आएको छ ।

कुनैपनि देशलाई आफ्ना छिमेकीहरू सँग सह कार्या गर्नैपर्छ,सम्झौता सन्धिहरू पनि हुन्छन् ।तर बराबर जनसंख्या र बराबरी पुँजी भएका देशहरूमा बराबरको सन्धि सम्झौता हुनु स्वाभाविक पनि हो ।तर सन्धि सम्झौता थोरै जनसंख्या र आर्थिक बिपन्न र आर्थिक सम्पन्न भएको देशसँग बराबरको सन्धि सम्झौता पनि असमान हुनजान्छ । सन्धि र सम्झौता गर्दा छिमेकीले कुन उदेश्य पुरा गर्ने दाउँमा छ, त्यसबाटपनि छिमेकीमा नकारत्मक, सकारात्मक असर परेको हुन्छ ।

सुगौलीमा भएको सन्धि अंग्रेजी साम्राज्यवादको एक्लौटे दबावमा भएको सन्धि हो ।त्यसले त बिशाल नेपाललाई मेची र महाकालीमा सिम्टायो ।

वि.स.१८७१ भन्दा पहिले ब्रिटिसले भारतमा जस्तै नेपालमा पनि कब्जा जमाउँन चाहान्थ्यो । त्यसैको परिणाम थियो खलङ्गाको नाला पनिको युद्ध । नेपालीहरूको बिरता ज्यानकै माया मारेर युद्धमा होमिएको देख्यो । बिना हतियार महिंला पुरूषहरू बालबालिका सहित किल्लाको रक्षार्थ ५३० जनाको लाश पानीको मुहान थुनेर कार्यतापूर्वक अमानविय तरिकाले हमला गर्दापनि किल्ला छोड्न तैयार नभएका वीरहरूलाई देखेर अंग्रेज प्रभाभित भयो । त्यो युद्धले अंग्रेजले आफ्नो उदेश्य बद्लिन बाध्य भयो । त्यो वेला भारत कब्जा गर्न जस्तो सजिलो नेपाल कब्जा गर्न थिएन ।

उसले भारतलाई लामू समय देखि गुलाम बनाएको थियो । भारतमा व्यापारीको रूपमा प्रवेश पाएका थिए । खास गरि भारत प्रवेश युरोपियनको आगमनबाट सुरू भएको हो । बास्कोडिगामाको आगमन १७मई १४९८ई.मा युरोपिय यात्रीले भारतको पूर्वी तट कालीकटमा पुगेर भारतको नयाँ समुन्द्रीय मार्गको खोजि गरे । कालीकटका तत्कालिन शाशक जमोरिनले उस्को स्वागत गरेका थिए ।पूर्तगालिहरूको आगमन भारतमा आउँने मध्यका यूरोपीयन व्यपारीको रूपमा पहिलो हो । बास्कोडिगामाको आगमन पछि पूर्तगालीको व्यापारको नयाँ मार्ग खुल्यो । उनिहरू व्यपार गर्ने उदेश्यले शान्तिपूर्ण तरिकाबाट भारतमा पसेका हुन् ।

९ मार्च १५०० ई.को १३ जहाजी बेडा सहित पेड्रो अल्वरजे भारतमा पुग्यो । यो बास्कोडिगामा पछिको आर्को पूर्तगाली यात्री थियो ।यो द्वारा व्यापार सुरू गरेपछि पूर्तगालीहरूले भारतमा कालीकट, गोवा, दमन-दीप,एंवम हुगलीको बन्दर गाहहरूमा आफ्नो व्यापारी कोठी स्थापित गरे । १५०५ई.मा फ्रासिस्टो द अल्मेडा प्रथम पूर्तगाली वायसराय बनेर भारत आयो । उसले मिस्र,तुर्की र गुजरातको सयुँक्त सैनालाई परास्त गर्यो र दिपमा पुरा अधिकार जमायो । अल्फाँसो द अल्बुकर्थ १५०९ई.मा दोस्रो वायसराय बनेर आयो उसले विजापुरको साशक आदिल शाहबाट १५१०ई.मा युद्धमा गोवा जित्यो र अधिकार जमायो ।१५१५ई.सम्म दमन, दिप, सालोट, वसीन, चौल, मुम्बई, हुगली तथा सेन्ट थोमेमा पूर्तगालीहरूको अधिकार भयो । सन् १५५८मा डच र अंग्रेजहरू व्यापार गर्ने उदेश्यले भारतमा आएपछि पूर्तगालीहरूको बिस्तारै प्रभाव घट्दै गयो ।डचहरू हालैण्डका बासिन्दा थिए । भारतमा डच ईष्टइन्डिया कम्पनीको स्थापना १६०२ई.मा भएको हो । सन् १६३९मा गोवालाई घेरे पछि १६५१मा मल्का पनि कब्जा गरे ।१६५८मा सीलोनको अन्तिम पूर्तगाली बस्तीलाई पनि कब्जा गरे । उनिहरूले गुजरातमा कोरोमण्डल समून्द्री तट्, बंगाल बिहार वा उडिसामा आफ्नो व्यापार कोठीहरू बनाए । उनिहरू डचहरूलाई सय वर्षपछि अर्थात् १७९५ई.मा पूर्ण रूपम खेद्न सफल भए ।१६०८मा आएका अंग्रेजहरूले करिव तीन सय ४१ वर्षसम्म राज गर्न सफल भए । उनिहरूले गर्ने शासन अलि फरक प्रकारको थियो त्यसैले उनिहरू लामू समय सम्म हिन्दुस्तानमा कब्जा जमायो ।

भारतमा अंग्रेजहरूले ठाउँ ठाउँमा भएका राजाहरूलाई आपसमा लडाउने गर्थे । फुटाउ र राज गर, उनीहरूको सिद्धान्त थियो । अंग्रेजहरूले जातीय बिभेदको आगोमा घ्यू थप्ने काम गर्दथे ।

करिव एक सय वर्षको बलिदानी पूर्ण शङ्घर्ष पछि भारत आजाद भयो । तर पनि अंग्रेजहरूको दबाव बरकरार थियो । भारतलाई जस्तै नेपाललाई गुलाम बनाउन चाहान्थे । तर नेपालीहरू लडाकु थिए । वीर निडर र नेपालीको पौरख र इमान्दारी देखेपछि माथि भने झैं अंग्रेजले आफ्नो उदेश्यमा संशोधन गर्यो ।

उसले सुगौली सन्धि पछि नेपालीहरूको शक्तिलाई प्रयोग गर्ने निधो गर्यो । गोर्खा भर्ति केन्द्र द्वारा नेपालका युवाहरूलाई आफ्नो फौजमा सामिल गरेर आफु झन शक्तिशाली बन्ने अंग्रेजले योजना बनायो । त्यो वेलासम्म नेपाल भन्दा नेपालीहरू उसका लागि ऐतिहासाक महत्वको बिषय बने । जतिवेलासम्म ऊ भारतीय भूमिमा कब्जा जमाएर बस्यो ।

भारतमा अझै लामो समयसम्म राज गर्ने ब्रिटिसको उदेश्य थियो ।नेपालीहरू बाट उसले आफ्नो उदेश्य पुरा गर्न चाहान्थ्यो । लखनौंको विजय पछि जंगबहादुरलाई खुशी पार्न नयाँ मूलुक फिर्ता दिएर गुन पनि लगायो । जंगबहादुर आफै फौजलिएर मैदानमा उत्रिएका थिए ।

त्यो सुगौली सन्धिबाटै अंग्रेजले नेपालबाट छुटटाएको एउटा अँश थियो । जो जङ्गबहादुरको विरताले पाएको प्रतिफल नयाँ नेपाल हो । भारतमा स्वाधिन आन्दोलको पक्षमा नेपाली समेत लागे । परिणाम भारतबाट सन् १९४७ मा भारत स्वतन्त्र भयो ।

यो भारतको आजादी सँगै नेपालको धर्तिमा पनि विदेशीहरूको चलखेलको सुरूवात भएको बुझ्नुपर्छ । जब ब्रिटिस् भारत छाडेर जानथाल्यो र भारत नेपाल र अंगेजको बिचमा त्रिपक्षिय सन्धि भयो । त्यो सन्धिले पनि त्यो भन्दा पहिलेका सन्धि सम्झौता खारेज गरेको छ । सन् १९५०जुलाई ३१ तारिखमा तत्कालिन् प्रधानमन्त्री श्री ३ महाराज मोहन शम्शेर र भारतका तर्फबाट नेपालका लागि तत्कालिन राजदूत् श्री चन्द्रेश्वर प्रसाद सिहले हस्ताक्षर गरेको सन्धिबाट नेपालको सार्वभौमिक्ता र अखण्डतामा आँच आउने खालको व्यवहार सुरु भयो ।

नेपाल सरकार र भारत सरकारको बिचमा भएको सन्धिको पहिलो धाराले "नेपाल सरकार र भारत सरकारका विच अटल शान्ती र मित्रता रहिरहने छ,दुबै सरकारले परसपर एकले आर्काको पूर्ण राज्यसत्ता,राज्यक्षेत्रको अक्षुण्णता र स्वाधिन्ता स्वीकार र आदर गर्न मन्जूर गर्दछन् ।"यस धाराको आसया -एक आर्काको देशलाई दुवै देशले समानरूपमा सम्मान गर्ने र स्वाधिन्तामा आँच आउँन नदिने व्यावहार गर्ने । एकले आर्काको स्वतन्त्र अस्तित्व माथि हस्तक्षेप नगर्ने " हो । यसबारेमा कसले सही व्यवहारमा उतारेको छ । यो मुल्याङ्कनको बिषय हो ।

यसै सन्धिको धारा आठमा उल्लेख गरिएको छ - "जहाँतक यहाँ जिकिर गरिएका कुराहरूको सम्बन्धमा ती सबैमा यो सन्धि पत्रले भारतको तर्फबाट ब्रिटिस् सरकार र नेपाल सरकारको विचमा भएका अंघिका तमाम सन्धि पत्र, स्वीकार पत्र,कवुलियतनामाहरूलाई खारेज गर्द छ ।" उपरोक्त भनाइले सुगौलिमा भएको सन्धि समेत खारेज भयो । नेपालले उक्त सन्धिमा गुमाएको टिस्टा देखि सतलजसम्मको भूभाग फिर्ता पाएन । सन्धिको धारा ८ कार्यान्वयन गरिएन ।

उक्त सन्धिको धारा सातले नेपाल र भारतीयहरूलाई एक आर्कको देशमा आउन जान पाउंने, बाणिज्यमा भागलिन पाउंने सम्पत्ती भोगविलास गर्न पाउने आदि उल्लेख छ । यही धाराले नेपाललाई अल्पमतमा पार्ने आधार तैयार पारेको छ ।यही सन्धिमा टेकेर भारतीयहरू नेपालको सांसद मन्त्री समेत भएको देखिन्छ । त्यो मात्र नभएर जन्मको आधारमा नागरिकता पाउने छुट दिएपछि पनि उनिहरूका आश्रृतलाई नागरिकता दिने बिगतमा गरेको निर्णयले देश निश्चितरूपमा मिनि इन्डिया बन्ने देखिन्छ ।जस्तो की फिजीमा एउटा सम्झौताको तहत पाँच सय किसान उँखुको खेती गर्न फिजिले बोलायो ।पछि किसानहरूको माग बढ्यो अनि भारतियहरू फिजी जाँदाजादै फिजी अल्पमतमा पर्यो र भारतिय महिन्द्र चौधरी त्यहाका राष्ट्र प्रमूख समेत बन्न सफल भए ।तर पछि त्यहाँको सर्वोच्चले हटायो । फिजीलाई मिनि इण्डिया भनेर भनिन्छ ।

हाम्रो देशमा त यस बाहेक पनि कयौं गोप्पे सन्धि सम्झौताहरू गर्दै आएका कुराहरू वेलाबखतमा आइनै रहन्छन् । वि.स.१८७१को नेपाल र अंग्रेजको युद्धमा त्यो भूभाग गुमाएको नेपालले अब सन्धि खारेज भई सकेपछि पनि आफ्नो अधिकार लिन सकिन वा लिन चाहेन । यस्ता नालायकहरूले देशको रक्षा गर्लान् ?

आफ्नो अधिकार लिने क्षमात भएकाहरूले एक इञ्च जमिन कसैलाई दिंदैनन् । सन् १८४२ मा एउटा सन्धि द्वारा ब्रिटेनको उपनिवेशीक रूपमा रहँदै आएको हङकङ्ग सन् १९८४ मा चीनले फिर्ता ल्याएको थियो । त्यो भूभाग लिखित रूपमै सन् १९९७ जुलाई १ देखि हस्तान्तरण गर्ने सम्झौता थियो ।

चीनले आफुले गुमाएको हाङकाङ्ग ब्रिटेन सँग फिर्ता लियो तर नेपालले सन्धिद्वारा पाएको भूभाग व्यवहारिक रूपमा लिन सकिन । भएको भूभाग कालापानी ,लिपुलेख र लिम्पियाधुराको त्यो चुच्चे नक्शा त छ, भूमि गुमायौं ।

एकता छैन । राजनैतिक प्रतिषोध पल्पलाएको हुन्छ । पद र प्रतिष्ठाको लागि मरिहत्य छ, डोराएर हिंडाल्नेहरू समेतले आफ्नो पद छाड्दैनन् ।

देश फिजिकरण भएको छ, सिक्किमिकरण हुने अबस्थासम्म त्यसको बिरूद्धमा एकता गर्नुको सट्टा कसैले राजा ग्वारेका छन्, कसैले जङ्गल पस्ने धम्कि दिन्छन्, कसैले आफ्नै सन्तानले जम्मा गरेको पाइ पाई डकार्न खोज्छन् । यसरी हाम्रो देशको भविष्य जोखिममा परेको छ । आफ्नै कारण दुर्गति छ ।

देश परनिर्भर छ विदेशीको भरमा देश चलेको छ । आयश्रोत रेमिटेन्स र जनताले तिरेको तिरो देशको आयश्रोत हो । विदेशीहरूले देशको अर्थव्यवस्था, निजी हातमा शिक्षा, युवा शक्ती विदेश, उत्पादन श्रोत र साधन छैन अनि कसरी हाम्रो देशको भविष्य सुरक्षित हुन्छ ? भ्रष्ट, घातीलाई चिनौं, किनारा लगाऔं । अस्तित्वका लागि सचेत हुनुको बिकल्प छैन, चेतना बढोस् ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३०४५६२४४४

मंगलबार Tuesday
२०८२ साउन १३, July 29, 2025





## अन्तिम पातो – शाश्वत शर्मा

# अब के हुन्छ त ?

नेपाल र नेपालीहरूको भविष्य अब के होला त ? एमालेकी विद्या भण्डारी समूह र केपी शर्मा ओली समूहवचिको द्वन्द्वका कारण पार्टी फूटबाट मुलुकलाई फाइदा हुन्छ भनेर पखेर बस्ने ? कांग्रेसभित्र देउवा र शेखरवीचको छिनाझप्टीबाट कांग्रेसमा पनि फूट हुन्छ अनि त्यसपछि सबै राम्रो हुन्छ भन्ने आश गरेर बस्ने ? उता माओवादीभित्र पनि प्रचण्ड र जनार्दन शर्मावीच लडाइ भएर उक्त माओवादी पार्टी अझ कमजोर हुन्छ भनेर मुख मिठ्याउँदै बस्ने ? रास्वपाभित्रका काण्डहरू अझ छताछुल्ल हुँदै जान्छन् अनि कांग्रेसको बिकल्पमा खडा गरिएको उक्त पार्टीको नामो निशान मेटिन्छ भनेर खुशी हुँदै बस्ने ? उता उपेन्द्र यादव, सिके राउत, रेशम चौधरीहरूको पार्टीहरू भित्र देखिएको बिग्रहका कारण यो गणतन्त्र सकिन्छ भनेर सपना देखेर बस्ने ? नेपाली यसैगरी दिन बिताउने हो ? भ्रष्टहरू बिबादित छन्, कमजोर छन्, तर यो पद्धति बिस्थापनको कुरा कहाँ छ र ? पद, शक्ति र भ्रष्टाचारको लागि एकजूट हुने यी भ्रष्टहरूका माझ अहिले टुटफुट देखिएको छ । विदेशी स्वार्थ पूरा हुने भयो भने तिनले यिनलाई मिलाइदिन सक्छन् । बुझ्नुपर्ने कुरा यही हो ।

यो राजनीति हो, अवसरवादी राजनीति । यहाँ कुनबेला के हुन्छ ? भन्न सकिदैन । गत चैतमा भएको घटना, फागुनमा भएको राजाको भव्य स्वागतबाट यो भ्रष्ट व्यवस्था गयो भनेर धेरैले लख काटेका थिए । के भयो खोई ? तातेको स्थिति एकाएक सेलायो । त्यतिबेला सकृय भएकाहरू त्यसपछि कता हराए खोई ? कसका र कुन कारणले कुना पसेका होलान् ? स्वयम् राजाको मानमर्दन गरियो । राजाको सहमति, सहकार्य र संवादको आह्वानको अपमान गरियो । राजतन्त्रवादी र हिन्दुवादीको आन्दोलनबाट केही हुन्छ भनेर आशा गर्नु निरर्थक हुनेछ । यसकारण पार्टीहरूविरूद्ध देखिएको विवाद, बिग्रह, बिमति सामान्य हुन् । धेरै आशा नगरौं । यो बेथिति, नैतिकहीन राजनीतिको कहरबाट बच्ने बचाउने हो भने नागरिक आफै उठ्नुको बिकल्प छैन । अहिलेसम्म जे जति प्रयोग भए, सबै असफल भइसके । राप्रपा, रास्वपा, जनमत, लोसपा आदिहरू पनि पुरानाकै मार्गमा हिडेका छन् । के गर्ने, कसरी नागरिकको निर्णायक अधिकार सुरक्षित गर्ने ? भन्ने विषयमा नागरिकले नै सोच्नुपर्छ । स्थापित प्रवृत्तिलाई सुधार गर्नैपर्छ । जनताप्रति जिम्मेवार राजनीति नभएसम्म, शासन व्यवस्थामा सुशासन आउनै सक्दैन । यसका लागि आमनागरिकले देशव्यापी बहस चलाउनु पर्छ । जनता जाग्नुपर्छ । जनताले कुशासनमाथि खबरदार गर्नुपर्छ, दण्ड दिने प्रकृया सुरू गर्नुपर्छ । यसपछि राज्य सञ्जालमा जिवन्तता आउनेछ र त्यही जिवन्तताले सुशासनको सुरूआत गराउन सक्छ ।

अहिले जतिसुकै जघन्य अपराध गरे पनि राजनीतिक संरक्षण पाउने र कानुन असहाय हुने स्थिति छ । प्रधानमन्त्रीको हुनेवाला भारत भ्रमण, विद्या भण्डारीको एमालेको अध्यक्ष हुने प्रयास, मन्त्रिपरिषदको पुनर्गठन, भ्रष्टाचारका काण्डहरूको चर्चा परिचर्चा, मुद्दातिर आँखा लगाएर बस्नु देश र जनताका लागि घातक विषयहरू हुन् । राष्ट्रघातीहरूको चर्तिकला १८ वर्षदेखि चलिरहेकै छ । यिनले चटकेलेजस्तो चर्तिकला देखाइरहन्छन् । जनताको आँखामा धूलो हालिरहन्छन् । अब पनि नागरिकले आँखा मिचेर र आशा गरेर बस्नु भनेको जनअधिकारकै त्याग हो, जनाधिकारको स्थापनाबाहेक यो लथालिङ्गबाट पार पाउन सकिनेछैन ।

त्यसैगरी जबसम्म राजसंस्थाको पुनर्स्थापना हुनेछैन, यो भ्रष्ट व्यवस्थाको अन्त गर्न सकिदैन, यो संविधान र यी नेताहरूको चरित्रले मुलुक सिद्धिदै जानेछ । यो भ्रष्ट राजनीतिक पहिरोबाट बीचबचाउका लागि जनता उठ्नुपर्छ, राजसंस्था पुनर्स्थापित गर्नैपर्छ । जनताको असंगठित बिद्रोहबिना यो सम्भव छैन । हिजो पनि जनविद्रोह नै मूलबाटो थियो, आज पनि जनविद्रोहको बिकल्प छैन । बीचमा आन्दोलन भनेर निस्केकाहरू आइहाल्छ कि, पाइहालिन्छ कि भन्ने अवसरवादी थिए । अवसरवादी आन्दोलनकारीलाई नागरिकले चिन्नुपर्छ र आफै अग्रसर हुनुपर्छ । जगमान गुरूङ, राप्रपा, राप्रपा नेपाल, दुर्गा प्रसाई, केशर विष्टहरू मीठा कुरा गर्छन्, आन्दोलन गरेजस्तो पनि गर्छन् । कुन्नी कसले यिनलाई हपार्छ, अनि मौन बस्छन् । यस्तो मौसमी आन्दोलनले नेपाल र नेपालीको भविष्यमाथि खेलबाडमात्र गर्नेछ, भ्रष्टहरूलाई झन बढी आवसर दिनेछ, भ्रष्टाचार गर्न उक्साउने छ । भाषण गर्दा सबै परिवर्तनको पक्षमा देखिन्छन्, लाभ र लोभले आन्दोलन सुरू र अन्त्य हुनेगरेको छ । राजनीति उनै ओली, प्रचण्ड, देउवाका वरिपरि रूमल्लिइरहेको छ ।

मुख्य कुरो जबसम्म हामी भ्रष्ट राजनीतिको सेरोफेरोमा नै अल्मलिइरहन्छौं, तबसम्म यो मुलुकमा परिवर्तन हुने सम्भावना छैन । जब हामी मुलुक र आफ्, आफ्ना सन्ततीको भविष्य सोचेर अघि बढ्न खोज्छौ, तब सुरक्षित हुनेछौं ।


## कोरोनाबाट बच्ने उपाय

- नियमित रूपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद व्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रूघाखोकी लागेका व्यक्तिको नजिक वा सामन्नेमा नबसौं,
- अनावश्यक रूपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जानै परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रूमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छिउँ गर्दा पाखुराले वा रूमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रूपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरून्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# कांग्रेसभित्र क्रियाशील सदस्यको चेतना र दायित्व

*नेपाली कांग्रेसभित्र क्रियाशील सदस्यको चेतना र दायित्वप्रति मेरो धारणाा यसप्रकार रहेको छ ।*

***दिपेन्द्र सिंखडा***

**कांग्रेसका कार्यकर्ता, सर्वसाधारण नेपालीसम्म यो सन्देश पुगोस् ।**



दिपेन्द्र सिंखड्डा

नेपाली कांग्रेस, नेपालको प्रजातान्त्रिक आन्दोलनको अग्रणी शक्ति हो, जसले दशकौंको संघर्ष, बलिदान र नागरिक अधिकारको लडाइँमा ऐतिहासिक भूमिका निर्वाह गरेको छ आज पनि यो पार्टी नेपाली जनताको आशा र विश्वासको केन्द्रबिन्दुका रूपमा रहँदै आएको छ ।

यस ऐतिहासिक दलका क्रियाशील सदस्यहरू पार्टीको मेरूदण्ड हुन् । उनीहरू केवल निर्वाचनका बेला मतदाताको रूपमा सक्रिय हुने पात्र होइनन्; उनीहरू नीति, सिद्धान्त र संगठनको जीवन्त पहरेदार हुन् । क्रियाशील सदस्यता भनेको कागजी नाममात्र होइन, यो जागरूकता, अधिकार र जिम्मेवारीको आधार हो ।

पार्टीभित्र जुनसुकै तहमा देखिएको विकृति, विसङ्गति वा अनुशासनहीनताको विरोधमा बोलेर सुधारको बाटो देखाउनु क्रियाशील सदस्यहरूको कर्तव्य हो । बी.पी. कोइरालाले भनेजस्तै, ***“नेताले गल्ती गर्दा टुलुटुलु हेरेर बस्ने कार्यकर्ता या त दास हो, या त चरम स्वार्थी ।”*** आज यो भनाइ कांग्रेसभित्र झनै सान्दर्भिक बनिरहेको छ ।

यसै सन्दर्भमा हाल क्रियाशील सदस्यता नवीकरण र वितरण प्रक्रिया पार्टीभित्र चलिरहेको छ । यो प्रक्रिया पारदर्शी, विधिसम्मत र अनुशासनमा आधारित हुन आवश्यक छ । प्रत्येक सदस्यले आफ्नो नवीकरण भएको छ कि छैन भनेर चासो दिनुपर्छ। साथै, आफ्नो सदस्यता नम्बर अरू कसैले दुरूपयोग त गरेको छैन भन्ने कुरामा सतर्क रहनुपर्छ ।

यदि कसैले आफ्नो सदस्यता नवीकरण गर्न चाहँदैन भने पनि, त्यो सदस्यता उहाँकै नाममा सुरक्षित रहनुपर्छ । अरू कसैले त्यसलाई प्रयोग गर्न नपाओस् भन्ने सुनिश्चितता पार्टीको केन्द्रिय तहले गर्नैपर्छ ।

नेपाली कांग्रेस मासबेसमा आधारित लोकतान्त्रिक पार्टी हो । यसमा विचारको स्वतन्त्रता, आलोचना गर्ने अधिकार र नेतृत्वलाई सही मार्गमा डोर्याउने दायित्व सबै सदस्यमा समानरूपले हुन्छ । त्यसैले सबै क्रियाशील सदस्यहरूले पार्टीलाई केवल वाह्य आलोचना होइन, आन्तरिक सुधारको बाटो देखाउँदै सचेत, जिम्मेवार र सिद्धान्तप्रति प्रतिबद्ध नागरिकको भूमिकामा उभिनुपर्छ । कांग्रेसभित्र नेतृत्व सशक्त बनाउने, संगठनलाई अनुशासनमा राख्ने र नीति-कार्यदिशा जनमुखी बनाउने जिम्मेवारी केवल शीर्ष तहको होइन; यसमा हामी सबैको सहभागिता अनिवार्य छ । अन्तत, सशक्त नेतृत्व सशक्त सदस्यबाटै जन्मिन्छ । हामी सबैले आ-आफ्नो ठाउँबाट सचेत भएर बोलेर, लेखेर र विचार प्रस्तुत गरेर पार्टीभित्र सुसंस्कृति र लोकतान्त्रिक अभ्यासको आधार निर्माण गर्नुपर्छ ।





# लेण्डुप को, मिर्जाफर को ?

लेण्डुप दोर्जी र मिर्जाफर भनेका को हुन् ? यिनीहरू इतिहासका पानामा किन बद्नाम छन् ? यी बदनाम व्यक्तिहरूको चरित्रसँग नेपाली नेताहरूको चरित्र कसरी मिल्छ ? के नेपाली नेताहरू इतिहासमा कलंक बन्न चाहन्छन् ?

नागरिकता विधेयक होस् कि महाकाली सन्धि । बालुवाटारको जग्गा होस् कि ज्यानमारालाई माफीको कुरा, वाइडबडीदेखि टीस्टेटसम्मको भ्रष्टाचार, काण्ड अनेक छन् र ती सबै काण्डलाई राजनीतिक संरक्षण दिइएको छ । लिपुलेक, कालापानी, लिम्पियाधुरामात्र होइन, २३ जिल्लाका ६६ ठाउँमा भारतले अतिक्रमण गरिसक्यो, कुनै सांसद बोल्दैनन् । सरकार मौन छ । यी सबै परिदृश्य देखेपछि आमनागरिक र स्वतन्त्र विश्लेषकहरू लेण्डुप र मिर्जाफरको बिगबिगी भयो भन्न थालेका छन् । १९७५ मा सिक्किम भारतले खाएपछि लेण्डुप खुब चर्चामा आए । एउटै लेण्डुपले सिक्किमका राष्ट्रियतालाई भारतमा मिसाइदिए । नेपालमा त गल्ली गल्लीमा लेण्डुप छन्, लेण्डुपहरू अब नागरिकता, हस्तषेप र मौनता साधेर नेपालको अस्तित्व नै मटियामेट गर्न अग्रसर भएका देखिन्छन् ।

इतिहास साक्षी छ- अंग्रेजले बंगाली सेनामा लोभीपापी खोज्ने क्रममा नबाबका सेनापति मीरजाफर व्यक्तिगत लाभ हुन्छ भने देशै बेच्न तैयार रहने व्यक्तिका रूपमा भेट्टायो र उसलाई हतियारका रूपमा प्रयोग गर्न थाल्यो । मीरजाफर अंग्रेजले दिएको र देखाएको सम्पत्तिमा यसरी लोभियो कि उसले सेनापतिको निर्णय हैसियतसमेत अंग्रेजका सेनापति रोबर्ट क्लाइबललाई दिए । त्यस्ता मिरजाफरहरू इतिहासमा बदनाम छन्, नेपालमा यस्ता मिरजाफरहरू कति छन् कति ? यसकारण राष्ट्रियता धरापमा परेको छ । नेपालको अस्तित्वमाथि रेड लाइट बलिसक्यो ।

यिनै लेण्डुप र मिरजाफर प्रवृत्तिलाई अंग्रेज वा तत्कालीन अंग्रेज शासितहरू हड्डी दिएपछि चुसेर बस्ने कुकुर ठान्छन् । किनभने अंग्रेजले नवाव बनाइदिन्छु भनेको भरमा मीरजाफरले आफ्नो मुलुक, आफ्ना नबाबलाई धोका दिएर अंग्रेजको सेवा गरे । सिक्किम भारतमा मिलाइपछि सिक्किमका निरन्तरका शासक तिमी नै हौ भनेर काजी लेण्डुप दोर्जीलाई तर्साएर र लोभमा पारेर भारतले सिक्किम भारतमा मिलाययो । लेण्डुप र मीर्जाफरले पर्याप्त धन सम्पत्ति पाए तर देशप्रतिको गद्धारीले गर्दा आज पनि लेण्डुप र मीरजाफर भन्ने व्यक्तिको नाम कलंकको रूपमा लिइन्छ ।१२ बुँदे दिल्ली सम्झौताले देशको अस्तित्वलाई जोखिममा पार्नेहरू परिवर्तनका बाहक बनेका छन् । त्यही सम्झौताका कारण नेपालमा भारतको दबदबा बढेर गएको छ । हाम्रा नेताहरू कति देशभक्त हुन्, दिनदिनै तिनका क्रियाकलापले प्रष्ट पारिरहेकै छन् । तैपनि यिनकै ठूलो स्वर सुनिन्छ । लोकतान्त्रिक गणतन्त्रको बखान गरिरहेछन् ।

मिरजाफरका कारणले भारतमा अंग्रेज हुकुमत झन बलियो भएको थियो । लेण्डुपका कारण भारतको सीमा बिस्तार भएको हो । यतिखेर नेपालमा किन लेण्डुप र मीरजाफरको चर्चा चलिरहेको छ ? नेपालमा जन्मेको आधारमा जति पनि विदेशीले नागरिकता पाउन थालेका छन् । भ्रष्टाचार र मान्छे बेच्ने काममा महारथ हासिल गरेका छन् । पहिले फिजीमा जे गरियो, यतिबेला नेपालमा त्यही परिणति दोहोर्‍याएर परिणाम निकालिदै छ । नेपालमा विदेशी हस्तक्षेप र स्वदेशी निरंकूशता दिनदिनै बढेर गएको छ । बिस्तारै नेपाली नेपालमै अल्पमतमा र निर्णायक विदेशी बन्न थालेका छन् । सिक्किमीकरण, फिजीकरण, चिनियाँकरण र पश्चिमाकरणको खतरा बढेको देखिन्छ ।

यही हो नेपालको राजनीतिको लम्पसार नीति भनेको । स्वाधीन नेपालमा संविधान कार्यान्वयनको क्रमले देशै सिध्याउने खतरा देखिदैछ । देशभित्र बहादुर शाह चाहिने बेलामा लेण्डुप र मीरजाफरको बिगबिगी । लोकतन्त्रको १८ वर्ष इतिहासकै कलंकपूर्ण कालखण्ड हुनपुगेको छ । एकातिर केही अंगीकृतले नेपाललाई टुक्र्याउन खोज्ने र अर्कातिर शासक बनेका ठूला पार्टीका नेता नै विदेशीको इसारामा चल्न थालेकाले नेपाल गम्भीर संकटमा परेको हो । नेपाली संचेतन नभए नेपालीत्व गयो ।

किनकि विवेक हरायो । कुनै पार्टी स्वार्थ बोल्छन्, देश बोल्दैनन् । केही व्यक्ति र पार्टीहरू सडकमा बिरोध गर्छन् र कर्तव्य पूरा भएको ठान्छन् । यसरी देश बच्दैन । देश बचाउन देशप्रतिको प्रेम चाहिन्छ । अपराधिक राजनीतिले देशलाई खरानी बनाउने भए, नागरिक किन जाग्दैनन् ?

*-डा.विनिता*